छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २८ •अंक ११८ • २०८३ साल भाद्र ३० गते मंगलबार (15 September, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्


## चौठचन्द्र र तीज पर्व सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला-मधेशमा धुमधामका साथ चौठचन्द्र अर्थात चौरचन्द्र पर्व धुमधामका साथ मनाइएको छ । जनकपुरधामसहित विभिन्न ठाउँमा सोमबार परम्परागत चौठचन्द्र पर्व श्रद्धा र भक्तिपूर्वक मनाइएको छ।

मिथिला-मधेशको सांस्कृतिक पर्वका रूपमा रहेको चौठचन्द्रका लागि बिहानैदेखि घरघरमा तयारी गरिएको छ भने पर्वका सामग्री खरिद गर्नेको चहलपहल बजारमा बढेको छ।

भाद्र शुक्ल चतुर्थीका दिन मनाइने यस पर्वमा विशेषगरी महिलाहरूले व्रत बसेर साँझ उदाउँदो चन्द्रमाको पूजा अर्चनासहित फलफूलसहितका मिठा पकवानले चन्द्रमालाई ग्रहण गर्ने धार्मिक परम्परा रहेको छ।

यस पर्वमा घर- आँगन सरसफाइ गरी गाईको गोबरले लिपपोत गर्ने र आँगनको मध्यभागमा विभिन्न आकृतिसहितको अरिपन बनाइ सो आकृतिमा फलफूल र मिठा पकवानसहितका सामग्री राखेर चन्द्रमालाई साँझमा ग्रहण गराइन्छ।

यस अघि अरिपनमा दीप प्रज्वलन गरी चन्द्रदेवको पूजा गरिन्छ। पूजाका क्रममा फलफूल, मिठाइ, दहीलगायतका प्रसाद सामग्री चन्द्रमालाई अर्पण गर्दै अर्घ्य दिने परम्परा रहेको छ। पूजा सम्पन्न गरेपछि व्रत समापन गर्ने चलन छ।

चौठचन्द्र पर्वसँग भगवान् कृष्णको धार्मिक प्रसङ्गसमेत जोडिएको छ। द्वापर युगमा भगवान् कृष्णमाथि चोरीको आरोप लागेपछि त्यसबाट मुक्त हुन फलफूलसहित चन्द्रदर्शन गरेको धार्मिक विश्वासका आधारमा मनाइन्छ।

प्राचीन मिथिलाञ्चलमा चौठचन्द्र पर्वको शुरुवात तत्कालीन दरभंगा नरेश हेमांगद ठाकुरले गरेको धार्मिक विश्वास छ।

### कन्काइ पुल अलपत्र पार्ने पप्पु-जेभीबाट २ अर्ब असुलिने

## कमला पुलको विवादपछि कन्काइमा पनि १४ वर्षदेखि अधुरै काम

**टुडे समाचारदाता**

जनकपुरधमा । हुलाकी राजमार्गअन्तर्गत झापा गाउँपालिका-२ र गौरीगञ्ज गाउँपालिका-१ जोड्ने कन्काइ नदीमाथिको पुल १४ वर्षसम्म अलपत्र पार्ने पप्पु-महादेव-खिम्ती संयुक्त उपक्रम (जेभी)बाट सरकारले करिब दुई अर्ब रुपैयाँ असुल गर्ने प्रक्रिया अघि बढाएको छ। लामो समयसम्म निर्माणमा अपेक्षित प्रगति नभएपछि ठेक्का तोडेको सरकारले अधुरो पुल निर्माणमा लाग्ने थप लागत, लागत अन्तर र विभिन्न जरिवानासहित १ अर्ब ९९ करोड १२ लाख ५८ हजार ७७५ रुपैयाँ कम्पनीबाट असुल गर्न लागेको छ।

हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गतको इटहरी आयोजनाले उक्त रकम राजस्व खातामा दाखिला गर्न पप्पु-महादेव-खिम्ती जेभीलाई ३५ दिने सार्वजनिक सूचना जारी गरेको छ। तोकिएको अवधिभित्र रकम दाखिला नगरे निर्माण कम्पनीको जायजेथाबाट सरकारी बाँकीसरह असुलउपर गरिने आयोजनाले जनाएको छ।

आयोजना प्रमुख युवराज पोखरेलले कम्पनीले धरौटीबापत राखेको १ करोड ७१ लाख रुपैयाँको बैंक जमानत यसअघि नै जफत गरी राजस्व खातामा जम्मा गरिएको जानकारी दिए। कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरिएकोमा कालोसूचीमा परिसकेको उनले बताए।

निर्माण कम्पनीले सडक विभागअन्तर्गतका अन्य कार्यालयबाट पाउने भुक्तानी रोक्का राख्नसमेत सम्बन्धित निकायमा पत्राचार गरिएको आयोजनाले जनाएको छ।

पप्पु समूहको निर्माण कार्यसँग जोडिएका विवाद कन्काइ पुलमा मात्रै सीमित छैनन्। हुलाकी राजमार्गअन्तर्गत मधेश प्रदेशमा पर्ने कमला नदीको पुल निर्माणको ठेक्कासँग जोडिएको पप्पु-जेभीको विगत पनि विवादास्पद छ। धनुषा-सिरहालाई जोड्ने उक्त पुल निर्माणको जिम्मा पाएको पप्पु-जेभीले काम सम्पन्न गरेको दाबीका आधारमा पुल उद्घाटनसमेत भएको थियो। तर उद्घाटन भएको केही समयमै पुलको संरचनामा गम्भीर समस्या देखिएपछि पुल सञ्चालनमै नआउने अवस्था सिर्जना भयो।



कमला पुलमा देखिएको समस्या निर्माणको गुणस्तर र ठेकेदार कम्पनीको कार्यसम्पादनमाथि गम्भीर प्रश्न उठाउने घटनाका रूपमा लिइएको थियो। निर्माण सम्पन्न भएको भनिएको पुल प्रयोगमा आउन नसकेपछि आयोजना लामो समय अलपत्र रह्यो। पछि पुलको बाँकी तथा सुधारसम्बन्धी काम अन्य निर्माण कम्पनीमार्फत अघि बढाउनुपर्ने अवस्था आयो।

कमला पुलको घटनाले ठूला पूर्वाधार निर्माणमा ठेक्का पाउने कम्पनीको प्राविधिक क्षमता, निर्माण गुणस्तर, समयमै काम सम्पन्न गर्ने प्रतिबद्धता तथा सरकारी निकायले गर्ने अनुगमनमाथि प्रश्न उठाएको थियो। त्यही पृष्ठभूमिमा कन्काइ पुलमा पनि पप्पु-जेभीले लामो समयसम्म काम अघि बढाउन नसकेपछि ठेक्का तोडिनु र ठूलो रकम असुलीको प्रक्रिया अघि बढ्नुले निर्माण क्षेत्रमा कम्पनीको कार्यसम्पादनमाथिको विवादलाई फेरि चर्चामा ल्याएको छ।

त्यस्तै कन्काइ पुलको हकमा पनि लामो समयसम्म म्याद थपिँदा अपेक्षित प्रगति हुन नसकेको र अन्ततः ठेक्का तोडेर ठूलो रकम असुल गर्ने अवस्था आएको छ।

कन्काइ नदीमाथि ७२३ मिटर लामो पुल निर्माणका लागि पप्पु-महादेव-खिम्ती जेभीसँग २०६८ जेठ ३१ गते ३४ करोड ९ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार २०७२ जेठ ३० गतेभित्र पुल निर्माण सम्पन्न गर्नुपर्ने थियो।

तर निर्धारित समयमा काम भने पूरा भएन। आयोजनाले पटक-पटक गरी पाँचपटक म्याद थप गरे पनि निर्माण कम्पनीले पुलको भौतिक प्रगति ५६ प्रतिशतभन्दा माथि पुऱ्याउन सकेन। अपेक्षित प्रगति नभएपछि आयोजनाले गत वर्ष मङ्सिरमा कम्पनीसँगको ठेक्का तोड्ने निर्णय गरेको छ।

ठेक्का तोडिएपछि बाँकी निर्माण सम्पन्न गर्न लाग्ने थप लागत, पुरानो सम्झौताको लागत र हालको निर्माण लागतबीचको अन्तर तथा विभिन्न शीर्षकमा लाग्ने जरिवानासमेत हिसाब गरेर कम्पनीबाट असुल गर्नुपर्ने रकम निर्धारण गरिएको आयोजनाले जनाएको छ।

३५ दिने सूचनाको अवधिमा रकम दाखिला नगरे लगत कायम गरी तहसिल कार्यालयमार्फत सरकारी बाँकीसरह असुल उपरको प्रक्रिया अघि बढाइने पोखरेलले बताएका छन्।

कन्काइ पुल समयमै निर्माण नहुँदा झापा गाउँपालिका र गौरीगञ्ज क्षेत्रका स्थानीयले वर्षौंदेखि आवागमनमा कठिनाइ भोग्दै आएका छन्। वर्षायाममा कन्काइ नदी पार गर्न जोखिमपूर्ण रूपमा डुंगा प्रयोग गर्नुपर्ने बाध्यता छ भने हिउँदमा स्थानीयले शुल्क तिरेर बाँसको अस्थायी पुल प्रयोग गर्दै आएका छन्।

## हरेक सेकेन्ड बाँच्न गरिएको असम्भव संघर्ष गरेका प्राविधिक सञ्जय साह घर फर्किए

**टुडे समाचारदाता**

राजविराज । भोटेकोशी नदीमा आएको भीषण बाढीपछि नौ दिनसम्म सम्पर्कविहीन रहेका सप्तरीका प्राविधिक सञ्जय साह सकुशल घर फर्किएपछि तिलाठी कोइलाडी गाउँपालिकामा खुसीयाली छाएको छ।

त्रिशूली-३ 'ए' जलविद्युत आयोजनाको सुरुङभित्र बाढीमा फसेका ३० वर्षीय साहलाई नेपाली सेनाले १०औँ दिनमा उद्धार गरेको थियो। उद्धारपछि अस्पतालमा करिब एक साता उपचार गराएका साह शुक्रबार साँझ आफ्नो गाउँ पुगेका छन्। उनी घर फर्किएपछि परिवार, आफन्त र स्थानीयवासीले खुसी मनाउँदै स्वागत गरेका छन्।

साहलाई परिवारका सदस्य र आफन्तले केक काटेर तथा मिठाई बाँडेर स्वागत गरेका थिए। लामो समयसम्म छोराको अवस्थाबारे कुनै जानकारी नपाएका परिवारका सदस्यका लागि उनको सकुशल घरफिर्ती भावुक र अविस्मरणीय क्षण बनेको छ।

सञ्जयका बुबा रामफल साहले छोराको उद्धार हुने आशा विस्तारै मर्दै गएको अवस्थामा सामाजिक सञ्जालमार्फत उद्धार भएको खबर थाहा पाउँदा भगवानको चमत्कारजस्तो लागेको बताए।

सञ्जयकी पत्नी लक्ष्मी साहका लागि पनि श्रीमान्को सकुशल घरफिर्ती नयाँ जीवन पाएजस्तै भएको छ। उनले आफूले श्रीमान् भेटिने आशासमेत गुमाइसकेको अवस्थामा उहाँको उद्धार हुनु भगवानको कृपा भएको बताइन्।

सञ्जयका अनुसार बाढी आउने सूचना पाएपछि आफूहरू सावधान भएका थिए। तर, पानीको बहाव तीव्र रूपमा बढेकाले सुरुङबाट बाहिर निस्किन पर्याप्त समय पाएनन्।

"बाढी आउने जानकारी आउनासाथ हामी सावधान भयौँ, तर हामीसँग समय कम थियो। बाढी आउनै लागेको जानकारी पाएका थियौँ। साथीहरूलाई निस्कन भन्दाभन्दै र आफू बाहिर निस्किने प्रयास गर्दागर्दै पानीले दिएन," उनले आफ्नो अनुभव सुनाए।



उनका अनुसार एक्कासि आएको ठूलो छालले सबैलाई छोपेपछि उनीहरू एकअर्काबाट छुट्टिएका थिए। त्यसपछि साथीहरू कहाँ पुगे, उनीहरूको अवस्था के भयो भन्नेबारे आफूलाई कुनै जानकारी भएन।

बाढीपछि सुरुङभित्र फसेका साहका लागि त्यसपछिका १० दिन जीवन र मृत्युबीचको संघर्ष बने। चारैतिर अँध्यारो भएकाले दिन र रात छुट्ट्याउनसमेत कठिन थियो। सुरुङमा बाढीको पानी र हिलो भरिएपछि पहिलेको संरचना र बाटो पहिचान गर्न सक्ने अवस्था रहेन।

खानका लागि एक गेडा खानेकुरासमेत नभएको अवस्थामा उनले सुरुङभित्र उपलब्ध धमिलो पानीकै भरमा दिन बिताउनुपरेको बताए।

माटो र मोबिल मिसिएको धमिलो पानी कपडामा छानेर केही समय सुकाएपछि घाँटी भिजाउनुपर्ने अवस्था आएको उनको भनाइ छ। अत्यन्त कठिन परिस्थितिमा पनि आफूले डरलाई नियन्त्रण गर्दै महामन्त्र जप गरेर मनोबल कायम राखेको उनले बताए।

लामो समयसम्म सुरुङभित्र एक्लैजस्तो अवस्थामा रहेका साहलाई आफू जीवितै उद्धार हुन्छु भन्ने विश्वाससमेत हराउँदै गएको थियो। सुरुङको बाटो बाढीले परिवर्तन गरिदिएपछि बाहिर निस्कने सम्भावना न्यून देखिएको उनको अनुभव छ।

तर, उद्धारकर्मीहरूले चलाएको मेसिनको आवाज सुनेपछि भने उनको मनमा फेरि बाँच्ने आशा पलाएको थियो।

उनका लागि सुरुङभित्र बिताएका १० दिन सामान्य मानवीय क्षमताभन्दा बाहिरको संघर्ष थियो। हरेक क्षण जीवन जोगाउन संघर्ष गर्नुपरे पनि परिणाम मृत्यु हुन सक्ने भयले उनलाई लगातार सताइरहेको थियो।

साहले आफूले पुनर्जीवन पाएजस्तो महसुस गरेको बताएका छन्। परिवारसँग पुनर्मिलन भएपछि खुसी भए पनि आफूसँगै बाढीमा परेका साथीहरू अझै सम्पर्कमा नआएकोमा भने उनी दुःखी छन्।

सञ्जयको घरफिर्तीले परिवारमा खुसी ल्याए पनि उनका साथीहरूको अवस्थाबारेको अनिश्चितताले त्यो खुसीलाई पूर्ण हुन दिएको छैन।

## वीरगञ्जका मेयर सिंहलाई अदालतद्वारा सफाइ


**टुडे समाचारदाता**

जनकपुरधाम । वीरगञ्ज महानगरपालिका मेयर राजेशमान सिंहलाई भ्रष्टाचार मुद्दामा विशेष अदालतले सफाइ दिएको छ। विशेष अदालतका अध्यक्ष वासुदेव आचार्य, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले सोमबार सिंहलाई सफाइ दिने फैसला सुनाएका छन्।

झूट्टा कागजात पेश गरी नागरिकता दिलाएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर सिंहसहित ७ जनाविरुद्ध २५ जेठमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। अर्कैकी छोरीलाई आफ्नो भनी कागजात बनाएर नागरिकता दिलाएको आरोपमा सिंहसहितलाई विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको थियो।

आयोगले सिंहको छोरी बनी नागरिकता लिएको भन्दै सिन्धुपाल्चोककी रिता भट्टराईविरुद्ध पनि मुद्दा दायर गरेको थियो। वीरगञ्ज-३ का तत्कालीन वडा सचिव भिखारी राय र तत्कालीन कार्यवाहक वडाध्यक्ष तुफैल अख्तर ठकुराईविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको थियो। त्यस्तै गृह मन्त्रालयको छानबिन समितिका संयोजक र सदस्य तत्कालीन उपसचिव पुस्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेललाई पनि अख्तियारले प्रतिवादी बनाएको थियो।

मेयर सिंहविरुद्ध पर्सा जिल्ला अदालतमा २ वटा कसुरमा मुद्दा विचाराधीन छ।

# भोटेकोशी बाढी संरचनात्मक मानवीय संकट

*रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तरराष्ट्रिय महासंघ (आइएफआरसी)को महासचिव तथा प्रमुख कार्यकारी अधिकृत पदमा जगन चापागाईं कार्यरत हुनुहुन्छ । सन् २०२० फेब्रुअरी १ मा महासचिव पदमा पहिलो पटक चारवर्षे कार्यकाल सम्हाल्नुभएका पहिलो नेपाली एवं एसिया र प्यासिफिक क्षेत्रबाट पहिलो व्यक्तित्व चापागाईंले सन् २०२४ फेब्रुअरी १ मा सोही पदमा दोस्रो कार्यकालमा नेतृत्व गरिरहनुभएको छ । विश्वको १९१ देशमा मानवीय सेवा गर्ने सञ्जाल भएको सङ्गठन 'आइएफआरसी'ले आफ्नो कार्यादेशअनुसार जलवायु परिवर्तनले निम्त्याएका, प्राकृतिक तथा मानव सिर्जित विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पीडितलाई मानवीय सहायता उपलब्ध गराउने गर्दछ । महासचिव चापागाईंको मानवीय सेवाका लागि गर्नुपर्ने दीर्घकालीन सोच, अब्बल कार्यान्वयन तथा कुशल नेतृत्वका कारण 'आइएफआरसी'ले गत वर्ष सिड्नी शान्ति पुरस्कार प्राप्त गरेको थियो । इञ्जिनियर चापागाईं नेपाल रेडक्रसको स्वयंसेवकमार्फत चार दशकभन्दा अघि मानवीय सेवामा प्रवेश गर्नुभएको थियो । विश्वका विभिन्न भागमा भएका ठूला विपद्मा उहाँ उद्धारदेखि प्रतिकार्यमा संलग्न हुँदै आउनुभएको छ । कोभिड-१९ को महामारीमा उहाँको कार्यलाई विश्वले उच्च प्रशंसा गरेको थियो । विश्व मञ्चमा स्थापित नै भइसकेको छ-'जहाँ विपद् त्यहाँ जगन' । महासचिवको पहिलो कार्यकालमा उहाँको पहल र सक्रियतामा नेपाल रेडक्रसले ३० नयाँ र १५ स्तरोन्नति गरिएका एम्बुलेन्स प्राप्त गरेको थियो । सन् २०१५ को भूकम्पमा 'आइएफआरसी'ले नेपाल रेडक्रसलाई महत्वपूर्ण सहयोग गरेको थियो । यही भदौ १० गते बिहान भोटेकोशी नदीमा गएको अकस्मात् र अकल्पनीय बाढीले निम्त्याएको विपद्को जानकारी उहाँले दुबईबाट जेनेभा गइरहँदा जहाजमा पाउनुभएको थियो । तत्कालै जहाजबाट नै आवश्यक पहल गरी आपत्कालीन सहयोग कोष (म्चभ्) मार्फत १२ लाख अमेरिकी डलर खर्च गर्न स्वीकृति सुनिश्चित गर्दै बाढी प्रभावितको खोज, उद्धार तथा राहतमा जुट्न नेपाल रेडक्रसको स्वयंसेवक र 'आइएफआरसी'का टोलीलाई आह्वान गर्नुभयो । प्रस्तुत छ, भोटेकोशी विपद्को सन्दर्भमा महासचिव चापागाईंसँग राससका वरिष्ठ सम्पादक विष्णु नेपालले गर्नुभएको संवादको मुख्य अंशः*



**जगन चापागाईं**
**महासचिव**

**भोटेकोशी विपद्लाई कस्तो विपदका रूपमा तपाईंले हेर्नुभएको छ ?**

भोटेकोशीसहित त्रिशूली नदीको बाढी (फ्ल्यास फ्लड) लाई सामान्य बाढीका रुपमा हेरिनु हुँदैन । यो सामान्य किसिमको प्राकृतिक बाढीपहिरो होइन । यसलाई बहु-आयामिक मानवीय सङ्कटका रूपमा विश्लेषण गरिनुपर्दछ। नदीमा पानीको बहाव बढेर बाढी मात्र आएको घटना होइन। समग्र नदी प्रणाली (भोटेकोशी -त्रिशूली जलाधार क्षेत्र) उजाडिएको छ। मानव बस्ती, बजार, पूर्वाधार, जीविकोपार्जन सबै एकसाथ क्षणभरमा तहसनहस भएको जटिल र फरक किसिमको विपद् हो । यसलाई तीन किसिमको दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ।

पहिलो, आकस्मिकताः अत्यन्त छोटो समयमा आकस्मिक रुपमा ८/१० मिटरसम्म पानीको सतह बढ्नु सामान्य कुरा होइन । निमेष भरमा मानव बस्ती, बजार, पुल, सडक, जलविद्युत् परियोजना जस्ता भौतिक संरचना नदीको भेलमा बगेका छन् । यसले समुदायलाई एथेष्ट पूर्वसूचना गर्ने र तयारी गर्ने पर्याप्त समय नै दिएको छैन । दोस्रो, पहुँचको समस्याः सडक, पुल, सञ्चार, विद्युत् सबै एकैपटक क्षतिग्रस्त हुँदा सबैभन्दा प्रभावित बस्तीहरूमा पुग्न कठिन भयो । यसबाट स्वभावतः उद्धार र राहतलाई निकै जटिल बनायो । तेस्रो, दीर्घकालीन असरः पूरा गाउँ बस्ती, बजार क्षेत्र, पूर्वाधारहरु, खेतीपाती, जीविकोपार्जनका सबै आधार नष्ट भयो । यो केवल तत्कालीन मानवीय सङ्कट मात्र होइन, दीर्घकालीन पुनःस्थापनाको चुनौती हो । पूरै मानव बस्ती, पूर्वाधार, जीविकोपार्जनका आधार सखाप बनाएर बगाएको अवस्थामा दीर्घकालीन असर पर्ने भयो । यसैले भोटेकोशी विपद्लाई फरक किसिमको विपद्का रुपमा मैले बुझेको छु । जलवायु जोखिम, भौगोलिक संवेदनशीलता, कमजोर पूर्वाधार र पूर्वतयारीको कमी सबैको मिश्रणबाट सिर्जना भएको 'संरचनात्मक मानवीय सङ्कट'का रूपमा मैले भोटेकोशी विपद्लाई विश्लेषण गरेको छु।

**रेडक्रसको 'स्वयंसेवक'बाट सर्वोच्च पद 'महासचिव'सम्मका यात्राका क्रममा भोटेकोशी विपद्मा कसरी मानवीय सहयोग गरिरहनुभएको छ ?**

मैले स्वयंसेवकबाट मानवीय सेवा सुरुआत गरेको थिएँ। मेरो जीवनको यात्राका क्रममा मलाई सधैँ एउटा कुरा याद आउँछ । त्यो हो 'विपद्मा तत्काल उद्धार समुदायबाट' नै हुन्छ । सबैभन्दा पहिले छर-छिमेकी, स्थानीयवासी र समुदायबाट नै उद्धारका काम सुरु हुन्छन् । यसैले विपद्मा उद्धार,राहत र पुनःस्थापनाका केन्द्रमा स्थानीय स्वयंसेवक र रेडक्रसको शाखाहरु नै सक्रिय हुन्छन् । 'महासचिव पद'को भूमिका त स्वयंसेवकहरूलाई सक्षम बनाउने र हौसला थप्ने हो ।

भोटेकोशी विपद्मा मेरो प्रत्यक्ष भूमिका तीन तहमा केन्द्रित रहेको छ । पहिलो, रणनीतिक नेतृत्वः नेपाल रेडक्रसलाई केन्द्रमा राखेर अन्तरराष्ट्रिय महासङ्घको सम्पूर्ण सञ्जाललाई भोटेकोशी बाढी प्रतिकार्यमा परिचालन गर्न केन्द्रित छ । साथै अन्य अन्तरराष्ट्रिय समुदायहरुसँग समन्वय, सहकार्य र आपत्कालीन अपिल, प्राविधिक सहयोग, क्षेत्रीय तथा विज्ञ टोलीको परिचालन र दीर्घकालीन पुनः स्थापनाको कार्ययोजना बनाउन नेपाल सरकारलाई सहयोग गर्न केन्द्रित रहनेछ । दोस्रो, स्रोत परिचालनः महासचिवको हैसियतले विभिन्न दातृ निकाय, रेडक्रस तथा रेडक्रिसियन्ट सोसाइटीहरु, अन्य सङ्घसंस्थाहरुसँग समन्वय र संवाद गर्दै नेपालका लागि आवश्यक वित्तीय, प्राविधिक र आवश्यक अन्य स्रोत जुटाउन केन्द्रित रहनेछ । विशेषगरी आपत्कालीन अपिलमार्फत दीर्घकालीन पुनःस्थापना सहितको सहयोग सुनिश्चित गर्न केन्द्रित रहनेछ। तेस्रो, एकता र विश्वासको सन्देशः विपद्मा रेडक्रसका स्वयंसेवकहरूलाई एकता र विश्वासको सन्देश प्रवाह गर्न केन्द्रित रहेको छु। बाढी प्रभावितलाई 'तपाईंहरू एक्लो हुनुहुन्न, विश्वव्यापी रेडक्रस/रेडक्रिसेन्ट परिवार तपाईंहरूको साथ र सहयोगमा पछाडि उभिएको छ' भन्ने सन्देश दिनु रहेको छ । विशेषगरी खोज, उद्धार, शव व्यवस्थापन, राहत वितरणमा कठिन भूभागमा अहोरात्र जुटिरहेका सुरक्षाकर्मी, स्वयंसेवक र टोलीहरूलाई यसले मनोवैज्ञानिक रूपमा पनि ठूलो ऊर्जा र शक्ति दिन्छ। मेरा लागि यो जिम्मेवारी महासचिवको पदभन्दा बढी स्वयंसेवकको अनुभवबाट जन्मिएको जिम्मेवारी हो । नेपालको विपद्को पीडा विश्व समुदायले देखोस्, बुझोस् र दीर्घकालीन रूपमा साथ दिओस् भन्ने सुनिश्चित गर्न मेरो भूमिका केन्द्रित रहनेछ। यसैमा म तल्लीन छु।

'आइएफआरसी'ले भोटेकोशी विपद्मा के कस्तो मानवीय सहयोग गरिरहेको छ ? जुटाइरहेको छ ? के यी सहयोग पर्याप्त छन् ? सुरुआती दिनमा 'ड्रिफ' को सहयोगले बाढी प्रभावितलाई कस्तो राहत पुऱ्यायो ?

'आइएफआरसी'को सहयोग दुई मुख्यतः वित्तीय संयन्त्र र विस्तृत 'अपरेसनल' रणनीतिमा आधारित छ । 'ड्रिफ' को तत्कालीन सहयोग (सिएचएफ १ मिलियन बराबर) को रकम तुरुन्तै नेपाल रेडक्रसलाई उपलब्ध गराइएको छ । यसले विपद् प्रभावितलाई तत्काल खोज, उद्धार र राहत सुरुआत गर्न सम्भव बनाइरहेको छ । यसबाट खानेपानी, टेन्ट, तारपोलिन, कम्बल, ओछ्याउने म्याट, प्राथमिक उपचार, स्ट्रेचर, शव व्यवस्थापनका लागि सामग्री (डेथ बडी-ब्याग) आपत्कालीन सरसफाइ 'किट' जस्ता सामग्री तुरुन्तै प्रभावित स्थानमा पठाउन र वितरणसमेत सम्भव भयो । यो कार्य अहिले पनि जारी छ। यसबाट करिब २० हजार अति प्रभावित व्यक्ति लाभान्वित हुने अपेक्षा गरिएको छ ।

'आइएफआरसी'ले बाढी प्रभावितलाई 'सिएचएफ २५ मिलियन'को आपत्कालीन अपिल जारी गरेको छ । यसबाट बाढी प्रभावित दुई लाख जनासम्मलाई दीर्घकालीन रूपमा सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ । यसले आश्रय, नगद सहयोग, स्वास्थ्य, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, खानेपानी, सरसफाइ स्वच्छता, परिवार पुनर्मिलन र जीविकोपार्जन पुनःस्थापनासम्मको काममा टेवा पुग्ने अपेक्षा गरिएको छ।

**यी सहयोग पर्याप्त छन् त ?**

'ड्रिफ'बाट बाढी प्रभावितलाई तत्कालीन अवस्थामा पहिलो चरणमा अत्यन्त महत्वपूर्ण अत्यावश्यकता पूरा गर्न सहयोग गरिएको छ । नेपाल सरकारको संयोजन अन्य साझेदारहरुको तयारी हुँदै गर्दा प्रभावितहरुका लागि अत्यावश्यक केही राहत सामग्रीहरुसहित रेडक्रसले तुरुन्तै काम सुरु गर्न सहयोग गरेको हो । यद्यपि दीर्घकालीन पुनःस्थापनाका लागि अपिलमा मागिएको स्रोत पूर्ण रूपमा सङ्कलन गर्न, नेपालको तीनै तहका सरकार र अन्य निकायसँगको सहकार्यलाई बलियो बनाउन र जलवायु-सुरक्षित पुनर्निर्माणमा लगानी गर्न अति अत्यावश्यक छ।

'ड्रिफ' समयमा निकासा हुँदा तत्काल बाढी प्रतिकार्यमा सहयोग पुऱ्यायो । बाढी गएको केही दिनमै प्रभावितले राहत सामग्री उपयोग गर्न पाउनुभयो । स्वयंसेवकसहित उद्धार टोलीलाई प्रभावित क्षेत्रमा पुग्न सफल भए। यसले अकाल मृत्यु, रोग र थप मानवीय पीडाको सङ्कट घटाउन सहयोग पुऱ्यायो । यसबाट विश्वासको वातावरण निर्माण बनाउन सहयोग पुऱ्यायो । सङ्कटका अवस्थामा 'राज्य र रेडक्रस उपस्थित छन्' भन्ने अनुभूति समुदायमा दिलायो । यसले सामाजिक तनाव र अविश्वास घटाउन सहयोग पुऱ्यायो । 'ड्रिफ' अपिलको आधार के हो भने प्रारम्भिक 'ड्रिफ अपरेसन'बाट प्राप्त तथ्याङ्क र अनुभवले ठूलो आपत्कालीन अपिलको ढाँचालाई विश्वसनीय बनायो । विशेष गरी दुर्गम भूभाग भौतिक संरचना (पुल, सडक, सञ्चार, स्वास्थ्य संस्था) लगायतका क्षतिग्रस्त पूर्वाधार र मनोवैज्ञानिक सामाजिक आघातका कारण उद्धार, राहत र शव व्यवस्थापनमा अझै चुनौतीहरु छन् तर 'ड्रिफ' र आपत्कालीन अपिलले ती चुनौतीहरु सामना गर्न आधार तयार गरेको छ।

**भोटेकोशी बाढी प्रतिकार्य योजना कस्तो बनाउनुपर्ला ? यसमा आइएफआरसीको योगदान कस्तो रहन सक्छ ?**

अति दूरदृष्टि सोचले भोटेकोशी बाढी प्रतिकार्यमा योजना बनाउँनुपर्छ। मलाई के लाग्छ भने बाढी प्रतिकार्य योजनालाई चार तहमा सोचिनुपर्छ । पहिलो तत्कालीन प्रतिकार्य (०-३ महिना)ः यस अवधिमा प्रभावितलाई उद्धार र सुरक्षित स्थानान्तरण गरिनुपर्छ । जोखिमयुक्त नदी किनारका बस्तीलाई सुरक्षित स्थानमा स्थान्तरण गर्न स्पष्ट कार्यविधि आवश्यक पर्दछ । यस अवधिमा अस्थायी आश्रय, सुरक्षित खानेपानी, प्राथमिक उपचार, आधारभूत स्वास्थ्य सेवा र शव व्यवस्थापनको प्रक्रियालाई समेट्न जरुरी हुन्छ । दोस्रो, मध्यावधि पुनःस्थापना (तीनदेखि २४ महिना)ः यसमा नगद तथा जीविकोपार्जन सहयोग प्रभावकारी रहन्छन् । प्रभावित परिवारलाई नगद सहयोग, साना व्यवसाय पुनःस्थापना, कृषि तथा पशुपालनमा पुनः लगानीका कार्यक्रम आवश्यक छन् । साथै मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, आघात, शोक र दीर्घकालीन तनावलाई सम्बोधन गर्ने कार्यक्रम यसमा समावेश गरिनुपर्छ । तेस्रो, दीर्घकालीन जोखिम न्यूनीकरणः जलवायु-सचेत पूर्वाधार पुनर्निर्माण आवश्यक पर्दछ। भौतिक संरचना पुल, सडक, बजार, बस्ती पुनर्निर्माण गर्दा उच्च जलस्तर, हिमताल फुटेर आउन सक्ने हिमबाढी जस्ता जोखिमलाई ध्यानमा राखेर पुनर्निर्माण गर्नुपर्दछ। समुदायमा आधारित पूर्वसूचना प्रणाली सुदृढ बनाउन पर्दछ। नदीको माथिल्लो भागमा आपत्कालीन जानकारी दिने 'सेन्सर', सूचना प्रवाह र समुदायस्तरमा प्रतिकार्य योजना आवश्यक हुन्छन्। चौथो, नीति तथा वित्तीय संरचनाः जलवायु वित्तसँग जोडिएको पुनर्निर्माणः परियोजना जलवायु अनुकूलनका रूपमा ढाँचा तयार गरी अन्तरराष्ट्रिय वित्तीय कोषबाट स्रोत ल्याउन पहल गर्न आवश्यक पर्दछ।

विपद् जोखिम विश्लेषण, समुदाय-आधारित विपद् व्यवस्थापन, पूर्वसूचना प्रणाली, मानसिक स्वास्थ्य कार्यक्रम र नगदमा आधारित प्रतिकार्यमा स्रोतहरु र प्राविधिक मार्गदर्शन प्रदान गर्न 'आइएफआरसी'को योगदान रहन्छ। अन्य देशका बाढी प्रतिकार्यका सफल अनुभव नेपालमा पनि कार्यान्वय गर्न अन्तरराष्ट्रिय क्षेत्रीय 'नेटवर्क'हरुसँग समन्वय गरेर अगाडि बढ्न सकिन्छ । जस्तैः समुदायमा आधारित पुनर्निर्माण, स्थानीय उपभोक्ता समितिमार्फत निर्माण जस्ता अभ्यासहरु कार्यान्वयन गर्न सकिन्छ। आपत्कालीन अपिलमार्फत दीर्घकालीन पुनःस्थापनाका लागि आवश्यक स्रोत जुटाउने र नेपाल रेडक्रसलाई नेतृत्वमा राखेर सहकार्य विस्तार गर्ने दातृ निकाय परिचालन गर्नुपर्दछ । यस कार्यमा आइएफआरसी हातेमालो गर्न तयार छ।

**सन् २०१५ को विनाशकारी भूकम्प र भोटेकोशी बाढीको सन्दर्भमा 'आइएफआरसी'को भूमिकामा के फरक देख्नुहुन्छ ?**

दुवै विपद् विनाशकारी भए पनि प्रकृति, भूगोल र प्रतिकार्यको जटिलता फरक छन् । यसैले 'आइएफआरसी'को भूमिकामा पनि केही स्पष्ट भिन्नता देखिन्छ। विपद्को प्रकृति फरक छन्। सन् २०१५ भूकम्पमा १४ जिल्लाको संरचनागत क्षति, भवनहरु ध्वस्त, विस्थापितलाई पुनःस्थापना दीर्घकालीन पुनःनिर्माणको आवश्यकता थियो भने हालको भोटेकोशी बाढीमा नदी किनारका मानवबस्ती, बजार, पुल, जलविद्युत्, सडक लगायतका पूर्वाधारहरु क्षणभर नदीको भेलमा बगेर सखाप भए । उद्धारमा भौगोलिक जटिलता र पहुँचमा कठिनता भयो । प्रभावको क्षेत्र भोटेकोशी त्रिशूली नदी किनारका बस्तीहरु र विकास पूर्वाधारका संरचनाहरु छन्। प्रतिकार्यका लागि 'अपरेसनल मोडेल' फरक फरक हुन्छन् । भूकम्पमा दीर्घकालीन पुनर्निर्माण कार्यक्रम भएको थियो । आवास, विद्यालय, स्वास्थ्य संस्था, समुदाय-आधारित पुनःस्थापनामा लामो समयको संलग्नता रहेको थियो।

भोटेकोशी बाढीमा 'फ्ल्यास फ्लड'को प्रकृतिअनुसार छिटो प्रतिकार्य, उच्च गतिशीलता र नदी प्रणालीसँग जोडिएको जोखिम न्यूनीकरणमा जोड दिइएको छ । स्रोत परिचालनको गति पनि अत्यन्तै छिटो भएको छ। भोटेकोशी बाढीमा आइएफआरसीको 'ड्रिफ' र आपत्कालीन अपिल अत्यन्त छिटो सक्रिय छन् । पहिले 'ड्रिफ' यसपछि २४ महिनाको अपिल भएको छ। यसले सिकेको पाठ प्रयोग गर्दै तत्कालीन उद्धार र प्रतिकार्य सम्भव बनाएको छ। यी दुई विपद्मा जलवायुको आयाम फरक छन्। भूकम्प मुख्यतः प्राकृतिक विपद् थियो भने भोटेकोशी बाढीमा जलवायु परिवर्तन, उच्च हिमाली क्षेत्रको सम्भावित 'आउटबर्स्ट', चरम वर्षा आदि घटकहरू जोडिएका छन् । यसले 'आइएफआरसी'को जलवायु-अनुकूलन र जोखिम न्यूनीकरण कार्यक्रमलाई प्रत्यक्ष रूपमा केन्द्रमा ल्याएको छ। यस अर्थमा, भोटेकोशी बाढी प्रतिकार्य 'आइएफआरसी'का लागि 'जलवायु संवेदनशील मानवीय प्रतिकार्य'को एउटा महत्वपूर्ण 'मोडेल' बन्ने सम्भावना रहन्छ।

**भोटेकोशी बाढी प्रतिकार्यमा कतिको जटिल देख्नुहुन्छ ? नेपाल सरकारले कस्तो कार्यक्रम तर्जुमा गर्नुपर्ला ? तपाईंका सुझावहरू के कस्ता छन् ?**

मैले अन्य विपद् प्रतिकार्यका तुलनामा भोटेकोशी बाढी प्रतिकार्यलाई अत्यन्त जटिल देखेको छु । भूगोल र पहुँच, पूर्वाधारको संरचनागत क्षति र दीर्घकालीन जीविकोपार्जन सङ्कटका कारणले प्रतिकार्य जटिल देखिन्छ। दुर्गम पहाडी भूगोल, नदी किनारका बस्ती आफैँमा भौगोलिक रुपमा जटिल छन् । साथै त्यहाँसम्म पुग्ने सडक र पुल क्षतिग्रस्त हुँदा पहुँचको समस्याले उद्धार र राहतलाई कठिन बनाएको छ। प्रतिकार्य र पुनःस्थापना पनि जटिल नै हुन्छन् ।

यसैगरी, पूर्वाधारका संरचनागत क्षति भएको छ । जलविद्युत्को 'हब' मानिएका संरचना, बस्ती, बजार, सीमा बजार (टिमुरे), सडक सबै एकैचोटि क्षति भएका छन् । केवल घर पुनर्निर्माणले मात्र दीर्घकालीन समस्या हल हुँदैन । दीर्घकालीन जीविकोपार्जन सङ्कट बढ्ने देखिन्छ। नदी किनारका बस्ती र बजारमा निर्भर व्यवसाय, पर्यटन, यातायात, जलविद्युत् सबै प्रभावित हुँदा रोजगारी र आयको दीर्घकालीन सङ्कट देखिन्छ। यसलाई सम्बोधन गर्ने खालका नीति र योजना आवश्यक पर्दछ। समग्र पुनर्निर्माण योजना बनाउनुपर्छ। विशेष प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लालाई 'विशेष पुनःस्थापना क्षेत्र' घोषणा गर्नुपर्छ । प्रभावित क्षेत्रमा आवास, पूर्वाधार, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य, मानसिक स्वास्थ्य र वातावरणीय पुनःस्थापना समेटिएको बहु-क्षेत्रीय योजना बनाउन आवश्यक छ।

अबको पुनर्निर्माण जलवायु अनुकूलन र सुरक्षित बनाउनुपर्छ । नदी किनारका संरचना पुनर्निर्माण गर्दा हिमढिक्का पहिरो सहितको उच्च जलस्तर, 'फ्ल्यास फ्लड', जोखिमलाई ध्यानमा राख्ने, 'बिल्ड फरवार्ड बेटर एन्ड ग्रिनर' को अवधारणालाई कार्यान्वयन गरेर सर्वजानिक भवनको ढाँचा, स्थान चयन र सामग्रीमा जलवायु-अनुकूलनको मापदण्ड अपनाउन पर्दछ। साथै जीविकोपार्जन पुनःस्थापना कार्यक्रम तर्जुमा गर्दा साना व्यवसाय, पर्यटन, यातायात, कृषि, पशुपालनमा लक्षित नगद तथा प्राविधिक सहयोग प्रदान गर्नुपर्दछ। साथै बजारको पहुँचलाई विस्तार गर्दै युवा र महिलालाई लक्षित उद्यमशीलता र सीप विकासका कार्यक्रमरु सञ्चालन गर्नुपर्दछ । साथै मानसिक स्वास्थ्य तथा सामाजिक पुनःस्थापना गर्दा आघात, शोक र दीर्घकालीन तनावलाई सम्बोधन गर्ने मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्दछ। समुदायस्तरमा सहजीकरण, शान्ति सामाजिक एकता सद्भावलाई बलियो बनाउने पहल आवश्यक छ।

पुनःस्थापना योजनामा नेपाल रेडक्रस र अन्य मानवीय साझेदारलाई समेट्नुपर्छ। यस्ता योजना कार्यान्वयनमा सरकार, रेडक्रस र अन्य साझेदार बीचको त्रिपक्षीय संयन्त्र प्रभावकारी हुन्छ । यसले समुदायमा आधारित दृष्टिकोण बलियो बनाउन सघाउँदछ । जलवायु वित्तसँग जोडिएको पुनर्निर्माणमा ध्यान दिनुपर्छ। पुनर्निर्माण परियोजना जलवायु अनुकूलनका रूपमा ढाँचा गरी अन्तरराष्ट्रिय कोष (ग्रिन क्लाइमेट फन्ड, लस एन्ड ड्यामेज) बाट स्रोत ल्याउन पहल गरिनुपर्दछ। तथ्याङ्क र सिकाइ प्रणालीलाई ख्याल गर्दै भोटेकोशी बाढीबाट सिकाइ सङ्कलन गरी राष्ट्रिय नीति, भवनसंहिता, नदी व्यवस्थापन र पूर्वसूचना प्रणालीमा समावेश गरिनुपर्दछ।

**भोटेकोशी बाढीलाई जलवायुजन्य विपदका रूपमा हेर्दा, नेपालले अन्तरराष्ट्रिय समुदायमा के पैरवी गर्नुपर्ला ?**

भोटेकोशी बाढीको सम्भावित कारण उच्च हिमाली क्षेत्रको आकस्मिक 'आउटबर्स्ट', चरम वर्षा र नदी प्रणालीमा आएको असामान्य बाढीसँग जोडिएको देखिन्छ । यी सबै जलवायु परिवर्तनसँग सम्बन्धित जोखिम हुन् ।नेपालले अन्तरराष्ट्रिय मञ्चमा 'जलवायुजन्य हिमाली फ्ल्यास फ्लड'को प्रमाण (केस) प्रस्तुत गर्नुपर्दछ । भोटेकोशी बाढीलाई वैज्ञानिक तथ्याङ्क, फोटो, नक्सा, क्षतिको आकलन र मानव कथासहित (यूएनजिए, सिओपी, डब्ल्युइएफ ) र अन्य मञ्चमा प्रस्तुत गर्दै 'माउन्टेन क्ल्याइमेट भनरल्याबिलिटी 'को बलियो प्रमाण (केस) बनाउनु पर्दछ।

भोटेकोशी बाढीको विपद्बाट भएको प्रत्यक्ष क्षति (पूर्वाधार, मानबस्ती र जीविकोपार्जन) र अप्रत्यक्ष असर (मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध) को विस्तृत आकलन गरिनुपर्दछ। त्यसपछि संरचनागत ऐक्यबद्धताका माग सरकार, निजी क्षेत्र, विकास बैङ्क, लस एन्ड ड्यामेज फन्डसहित विभिन्न दातृ निकायमा पेस गर्नुपर्दछ।

साथै नदी व्यवस्थापन, पूर्वसूचना प्रणाली, जलवायु-सुरक्षित पूर्वाधार, समुदायमा आधारित अनुकूलन कार्यक्रमहरु यस्तो योजनाको हिस्सा हुनुपर्दछ। जलवायु जन्य विपद् प्रतिकार्यका लागि १५-२० अर्बको संयन्त्र तयार गरिनुपर्दछ। स्थानीय ज्ञान सीप र विवेकका साथ आधुनिक प्रविधिको प्रयोग गरी 'एकीकृत हिमालयन जलवायु अनुगमन र प्रतिकार्य कार्यक्रम'को विकास र कार्यान्वयन गर्न साझेदारहरूलाई अभियानमा सामेल हुन आग्रह गर्नुपर्छ।

**जलवायु वित्त र हानि-नोक्सानी कोषबाट क्षतिपूर्ति पाउन के गर्नुपर्ला ?**

मलाई जलवायु क्षतिपूर्तिको विषयलाई उठान गर्दा एकता शब्द प्रयोग गर्न रुचाउँदछु । हानि तथा नोक्सानी कोष (फन्ड फर रेस्पोन्डिङ टू लस एन्ड ड्यामेज) बाट एकता प्राप्त गर्न विश्वसनीय तथ्याङ्क सहितको क्षति र नोक्सानीको वैज्ञानिक, आर्थिक, सामाजिक मूल्याङ्कन आवश्यक हुन्छ।

नेपालले अन्तरराष्ट्रिय मापदण्डअनुसार प्रतिवेदन तयार गरी दातृ निकाय, हानि तथा नोक्सानी कोष र अन्य अन्तरराष्ट्रिय मञ्चमा पेस गर्नुपर्दछ । राष्ट्रियस्तरमा 'लस एन्ड ड्यामेज'सम्बन्धी नीतिगत स्पष्टता हुनुपर्दछ । अन्तरराष्ट्रिय कोषसँग समन्वय र संवाद गर्ने नीति, जिम्मेवारी र संयन्त्र स्पष्ट गर्नुपर्दछ। नेपाल सरकारको कुन मन्त्रालय, कुन निकायले अन्तरराष्ट्रिय कोषसँग संवाद गर्छ, कसरी परियोजना तयार हुन्छ स्पष्ट हुनु जरुरी हुन्छ । अन्तरराष्ट्रिय संस्थाहरु (जस्तै 'आइएफआरसी', संयुक्त राष्ट्रसङ्घीय निकाय, विकास साझेदारसँग साझेदारी विकास गरी सहकार्यमा परियोजनाको ढाँचा, प्रमाण सङ्कलन, र पैरवीलाई सुदृढ गर्नुपर्दछ।

**अन्त्यमा, जलवायु जोखिम कम गर्न के गर्नुपर्ला ?**

जलवायु जोखिम न्यूनिकरणमा स्थानीय परम्परागत ज्ञान महत्वपूर्ण हुन्छन् । नदीहरुको व्यवहार, पहिरोको इतिहास, चरन, कृषि प्रणालीलाई ध्यानमा राखेर समुदायकै साथ र संलग्नतामा जोखिम नक्सा र प्रतिकार्य योजना बनाई समुदायमा आधारित अनुकूलनलाई प्रवर्द्धन गर्नुपर्दछ।


अगामी दिनमा संरचना जस्तै पुल, सडक, बजार, बस्तीलाई 'जलवायु-सुरक्षित' ढाँचामा पुनर्निर्माण गर्न आवश्यक छ । अध्ययन गरेर जोखिमविहीन स्थान, सुरक्षित स्थान, बहुउपयोगी संरचनाका पूर्वाधारको पुनः परिकल्पना गर्नुपर्दछ। नदी माथिल्लो भागमा सेन्सर, बाढीलगायत विपदका तथ्याङ्क आदानप्रदान, मोबाइल सूचना, समुदायस्तरमा अभ्यास (ड्रिल) सहितको पूर्वसूचना र प्रतिकार्य प्रणाली विकसित गर्नुपर्दछ । समुदायलाई यस्ता कार्यमा अभ्यस्त बनाउनुपर्छ । विद्यालय, समुदाय, स्थानीय सरकार सबै तहमा जलवायु जोखिम, सुरक्षित बसोबास, र विपद् पूर्वतयारीबारे निरन्तर शिक्षा र जागरण आवश्यक छ। हामीलाई भोटेकोशी बाढीले एउटा कठोर तर महत्वपूर्ण पाठ सिकाएको छ । पहाड, नदी, जलवायु र मानव जीवनको सम्बन्धलाई पुनः एक पटक गहिरो रूपमा बुझ्नुपर्छ। यसअनुसार नीति, पूर्वाधार र मानवीय प्रतिकार्यलाई रूपान्तरण गर्न जरुरी छ।




**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | परिवारका साथ रहेर मिष्टान्न भोजन लिने अवसर मिलने छ। |
| वृष : | प्रेममा रमाउने चाहनेहरुका लागि समय फलदायी रहनेछ। |
| मिथुन : | मायाको डोरो कसिलो भएर जानेछ। |
| कर्कट : | समय मध्यम रहकोले पढाइ लेखाइमा भनेजस्तो प्रगति गर्न सकिने छैन। |
| सिंह : | आज कम बोल्नु उचित हुनेछ। |
| कन्या : | परिवारसंग रमाइलो घुमघामको तय हुनेछ। शुभ खबर सुन्न पाइने छ। |
| तुला : | श्रमको मुल्य अर्कालै खाने जोखिम छ। यात्रा गर्दा सचेत हुनुपर्नेछ। |
| वृश्चिक : | बौद्धिक व्यक्तिसंगको अन्तरक्रियाले मन प्रशन्न हुनेछ। |
| धनु : | आज गुम्न लागेको धन हात लाग्ने छ। स्वास्थ्यमा सुधार हुनेछ। |
| मकर : | निजी शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ। |
| कुम्भ: | धार्मिक कार्यमा सहभागी भएमा दिन सहज बन्ने छ। |
| मीन: | परीक्षा लेखेको भए नतिजा राम्रो प्राप्त हुनेछ। दिन राम्रो छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेशमा पनि तिजको रौनक, शिवालयहरुमा भीड



टुडे समाचारदाता

जनकपुरधाम । देशका विभिन्न स्थानसहित मधेश प्रदेशका महिलाहरु पनि निकै उत्साह र धूमधामका साथ हरितालिका तिज हरेक वर्ष जस्तै यसवर्ष पनि मनाइरहेका छन् ।

प्रत्येक वर्ष भाद्रपदको शुक्ल पक्षको तृतीया तिथिमा मनाइने मधेश प्रदेशका राजधानी जनकपुरधामसहित ८ वटै जिल्लामा महिलाहरुले निर्जला र निराहार व्रत राखेर भगवान् शिव र माता पार्वतीको पूजाआजा तिज मनाउँदैछिन् । जनकपुरधामस्थित शिवालयहरुमा पूजापाठ गर्नेहरुको भीडसँगै श्रीराम मन्दिर र गंगा सागरको घाट लगायतका विभिन्न स्थानमा कथा सुन्ने महिलाहरुको सोमवार विहानै भीड लागेको थियो ।

भगावन शिव पार्वतीसँग अखण्ड सौभाग्यवती हुने, श्रीमान्को लामो आयु प्राप्ति हुने र जीवनमा सुख शान्ति तथा समृद्धिका लागि प्रार्थना गरेकी छिन् । तीजको अवसरमा जनकपुरधामका शिव मन्दिरमा बिहानैदेखि व्रतालु महिलाको भीड लागेको थियो । मिथिलाञ्चलका विभिन्न शिवालय तथा मन्दिरमा समेत महिलाहरुले सामूहिक रुपमा पूजा आराधना गर्दै तीज मनाईन ।

तीज पर्वमा २४ घण्टासम्म निराहार निर्जल बस्नुपर्छ । व्रत अवधिभर केही खाने त कुरै छाडौ सुत्दैन पनि रातभरि जाग्राम बसी भोली बिहान पारण गरी व्रत सम्पन्न गर्ने प्रावधान रहेको छ ।

पहाडी समुदायमा लामो समयदेखि विशेष महत्वका साथ मनाइँदै आएको तीज पछिल्लो समय मधेश प्रदेश भोजपुरा तथा मैथिल समुदायका महिलामा पनि विस्तार हुँदै गएको छ । यसले विभिन्न समुदायबीचको सांस्कृतिक आदान प्रदान र सामाजिक सद्भावलाई समेत बलियो बनाएको स्थानीय महिलाहरु बताउँछन् ।

विवाहित महिला आफ्ना सौभाग्यलाई अखण्ड बनाउन तथा अविवाहित स्त्री आफ्ना मन पर्ने प्रेम पाउनका लागि हरितालिका तिजको व्रत बस्ने गर्छिन् भन्ने मान्यता छ । सबभन्दा पहिला यस व्रतलाई माता पार्वती भगवान शिवलाई पाउनका लागि गरेकी थिइन् । यस दिन विशेष रूपले गौरी शंकरको पूजा अर्चना गरिन्छ । यस पूजामा पार्वती मातालाई सम्पूर्ण सोहागको शृगार चढाउने गरिन्छ ।

शिवजीलाई धोती तथा गमछा अर्पित गरिन्छ त्यसपछि सौभाग्यको शृङ्गार समान कुनै ब्रह्मणीलाई तथा धोती र गमछा कुनै ब्राह्मणलाई प्रदान गरिन्छ । यस प्रकार शिव र पार्वतीको आराधना गरेर कथा सुनिन्छ । तबपश्चात सबभन्दा पहिले गणेशजीको आरती गरिन्छ । त्यसपछि भगवान् शिव र माता पार्वतीको आरती गर्ने गरिन्छ अनि भगवान्को परिक्रमा गरिन्छ । भगवान शंकर र पार्वतीको मिलनका थुप्रै प्रसंगहरू हाम्रा लागि आदर्श छन् । शिवपुराणदेखि लिएर श्रीरामचरितमानससम्म अनेक ग्रन्थमा शिव र पार्वतीको श्रद्धा र विश्वासका उदाहरणहरू उल्लेख छन् । हरितालिका तिज इच्छितवरको कामनाको व्रत हो । इच्छितवरको कामनालाई गलत मानिँदैन । वरन यसको व्रत पनि छ । हरितालिका यसमध्ये एउटा हो । प्राचीन कालमा विवाहित स्त्रीहरू पनि यस व्रतलाई गर्न थालिन् । पार्वती जस्तै नै अन्न जलको त्याग गरिन् । मुख्य उद्देश्य एउटै छ शिव नै शिव होस्, कल्याण होस् ।

# हंसपुरका ३५० परिवारलाई जग्गा लालपुर्जा वितरण

टुडे समाचारदाता

जनकपुरधाम । लामो समयदेखि जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) विहित रहेका परिवारहरुलाई धनुषामा लालपुर्जा वितरण अभियानलाई तीव्रता दिइएको छ ।

नाप नक्सा सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै नापी कार्यालय धनुषाले पुर्जा वितरणलाई प्राथमिकताका साथ अघि बढाएको हो ।

यसैक्रममा सोमबार हंसपुर नगरपालिका-५, साविक सुगा निकास गाविसका ३ सय ६५ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ । उक्त क्षेत्रको नाप नक्सा भने २०७२ सालमै सम्पन्न भएको नापी कार्यालय धनुषाले जनाएको छ ।

नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारका अनुसार नाप नक्सा सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका स्ववासी तथा गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गर्दै पुर्जा वितरणको काम अघि बढाइएको हो ।

उनका अनुसार स्ववासी जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण भएपछि वर्षौंदेखि जग्गाको स्वामित्व स्थापित हुन नसकेका परिवारले कानुनी रूपमा आफ्नो जग्गाको मालिक बन्ने आधार पाउनेछन् । यसले सुकुम्बासी समस्या समाधान गर्नसमेत सहयोग पुग्ने उनको भनाइ छ ।



प्रमुख उमेश कुमारले पुर्जा प्राप्त भएपछि बैंक तथा वित्तीय संस्थामा जग्गा धितो राखेर ऋण लिन सहज हुने, जग्गाको बिक्री वितरण गर्न सकिने तथा त्यसबाट राज्यले राजस्वसमेत प्राप्त गर्ने बताए । पुर्जा वितरणले भूमिसम्बन्धी विवाद निरुपण गर्न सहज हुनुका साथै राज्यलाई भूमिकर संकलन गर्ने कानुनी आधारसमेत तयार हुने उनको भनाइ छ ।

उनका अनुसार स्ववासीको लगत तयार हुने र गाउँ ब्लक क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा संवर्धनमा समेत सहयोग पुग्नेछ । स्थानीय तहलाई व्यवस्थित बसोबास क्षेत्रको अवधारणा तयार गरी दीर्घकालीन योजना बनाउनसमेत पुर्जा वितरणले सहज बनाउने उनले बताए ।

धनुषामा पुर्जा वितरण अभियानअन्तर्गत यसअघि भदौ २७ गते सबैला नगरपालिका ८ का ३६० जना परिवारलाई लालपुर्जा वितरण गरिएको थियो भने अब क्षिरेश्वरनाथ नगरपालिका-१ र २, साविक रमदैया भवाडी गाविसका ३ सय ७५ परिवारलाई भदौ ३१ गते जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने तयारी गरिएको छ ।

नापी कार्यालयले नाप नक्सा सम्पन्न भइसकेका तर दर्ता प्रक्रिया बाँकी रहेका धनुषाका अन्य गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको विवरणसमेत अध्ययन गरी आवश्यक कानुनी प्रक्रिया पूरा गरेर पुर्जा वितरणलाई निरन्तरता दिने जनाएको छ ।

# १२ दिनदेखि हराई रहेका बालक भेटियो, एक पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । गत १२ दिनदेखि धनुषाको विदेह नगरपालिका-६ तिनकौरिया बजारबाट १२ दिनदेखि हराइरहेका डेढ वर्षीय बालक सिधान्स महतो सकशुशल भेटिएका छन् ।

स्थानीय कमलेश महतोका अन्दाजी १ वर्ष ८ महिनाका छोरा सिधान्स आफ्नै घरको आँगनमा खेलिरहेका बेला भदौ १८ गते दिउँसो करिब साढे ४ बजेदेखि हराएका थिए । गत १२ दिनको अथक प्रयासपछि देखि प्रहरीले बालक सोमबार भेटाउन सफल भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालका अनुसार बालकको खोजीमा प्रहरीले निरन्तर फलोअप तथा अनुसन्धान गरिरहेको थियो । बालकलाई नजिकैको केराबारीमा छाडेर एक महिला भाग्ने क्रममा रहेको अवस्थामा नियन्त्रणमा लिइएको उनले बताए ।

उनका अनुसार नियन्त्रणमा लिइएकी महिलालाई लिएर थप अनुसन्धान भइरहेको छ । बालक कसरी हराए, उनलाई कसले र किन लगेको थियो भन्ने विषयमा समेत प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ ।


बालक हराएपछि धनुषा प्रहरीले सम्भावित स्थानमा खोजी अभियान तीव्र पारेको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रूपेश खड्का स्वयं पनि बालकको खोजी तथा अनुसन्धानमा खटिएका थिए भने प्रहरी निरीक्षक अरविन्द साहको नेतृत्वमा विशेष टोलीसमेत परिचालन गरिएको थियो ।

# विद्यालय सञ्चालकमाथि गोली प्रहार

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-१०, खरिहानीस्थित श्रीराम जानकी पाठशाला बोर्डिङ स्कुलका सञ्चालक तथा शिक्षक गोपाल महासेठमाथि गोली प्रहार गरिएको छ ।

प्राप्त जानकारी अनुसार गएराति करिब २ बजे महासेठ आफ्नो घरमा सुतिरहेको बेला झ्यालबाट अज्ञात व्यक्तिले गोली प्रहार गरेको हो । गोली प्रहारबाट महासेठ सामान्य



घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । शिक्षक विद्यालयमै सपरिवार बस्दै आएका थिए ।

घटनापछि स्थानीयस्तरमा त्रासको वातावरण सिर्जना भएको छ । गोली प्रहार गर्ने व्यक्तिको पहिचान तथा घटनाको कारण अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनाबारे सम्बन्धित सुरक्षा निकायले अनुसन्धान अघि बढाइसकेको छ भने संलग्न व्यक्तिको खोजी तथा पहिचान कार्य जारी रहेको धनुषा प्रहरीले जनाएको छ ।

धनुषा प्रहरीका प्रवक्ता ओमप्रकाश खनालले घटना बारे ती शिक्षकले आफूमाथि गएराति गोली प्रहार भएको बताएका छन् । तर घरको खानतलाशी गर्दा गोलीको एउटा पुरानो खोका भेटाएको छ । तर वास्तवमा सोही गोली हो वा होइन भन्ने अनुसन्धनको विषय रहेको बताएका छन् ।

स्थानीयवासीले घटनाको निष्पक्ष र गम्भीर अनुसन्धान गरी दोषी पहिचान गरेर कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

# अस्थायी कर्मचारीलाई रोक लगाउँदा स्वास्थ्य सेवा प्रभावित

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले स्वास्थ्य संस्थामा अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कामकाजमा रोक लगाएपछि स्वास्थ्य संस्थाका सेवा प्रभावित भएको छ ।

चालु आर्थिक वर्ष सुरु भएको दुई महिना पुग्न लाग्दा अस्थायी दरबन्दी स्वीकृत हुने वा नहुने टुगो नलाग्दा स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापनसँगै सेवा प्रवाहमा समेत असर परेको छ ।

मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत असार मसान्तसम्म अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई चालु आर्थिक वर्ष २०८३/८४ का लागि दरबन्दी मन्त्रिपरिषद्बाट स्वीकृत नभएसम्म काममा नखटाउन तथा हाजिर नगराउन निर्देशन दिएको छ ।

मन्त्रालयका वरिष्ठ उपसचिव तथा सूचना अधिकारी राजेशकुमार मिश्रका अनुसार भदौ २४ गतेको मन्त्रीस्तरीय निर्णयपछि



प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय तथा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयलाई यस्तो निर्देशन दिइएको हो ।

मन्त्रालयले अस्थायी दरबन्दी स्वीकृत नभएसम्म सम्बन्धित कर्मचारीलाई कामकाजमा खटाए वा कार्यालयमा हाजिर गराए त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायका प्रमुखले लिनुपर्ने स्पष्ट गरेको छ । मिश्रका अनुसार गत आर्थिक वर्षको अन्त्यसम्म मधेश प्रदेशका विभिन्न अस्पतालमा ४ सय ३२ जना चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी अस्थायी दरबन्दीमा कार्यरत थिए ।

त्यस्तै, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल र स्वास्थ्य कार्यालयलगायतका संस्थामा थप ३ सय ४२ जना अस्थायी जनशक्ति कार्यरत थिए ।

यसरी गत आर्थिक वर्षको अन्त्यसम्म प्रदेशभर ७ सय ७४ जना स्वास्थ्यकर्मी तथा कर्मचारी अस्थायी दरबन्दीमा कार्यरत रहेको मन्त्रालयले जनाएको छ । तीमध्ये केही स्थायी नियुक्ति तथा पदस्थापनमा गइसकेका छन् भने केही अन्यत्र गएपछि करिब १ सय ५० स्थान रित्त रहेको मिश्रले बताएका छन् ।

प्रत्येक आर्थिक वर्ष स्वास्थ्य संस्थाको आवश्यकता र जनशक्तिको अवस्थाका आधारमा अस्थायी दरबन्दी स्वीकृत गर्ने गरिए पनि चालु आर्थिक वर्षका लागि हालसम्म निर्णय हुन सकेको छैन । दरबन्दी स्वीकृत नहुँदा लामो समयदेखि अस्थायी रूपमा काम गर्दै आएका स्वास्थ्यकर्मीसमेत कामको निरन्तरताबारे अन्योलमा परेका छन् ।

अस्थायी जनशक्तिको हाजिरी रोकिएपछि अस्पताल तथा स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति अभाव देखिन थालेको र त्यसको असर नियमित स्वास्थ्य सेवामा पर्न थालेको बताइएको छ । मन्त्रालयका सूचना अधिकारी मिश्रले भने अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिको विवरण र स्वास्थ्य संस्थाको आवश्यकताका आधारमा चालु आर्थिक वर्षका लागि दरबन्दी स्वीकृतिको प्रक्रिया अघि बढाउने तयारी भइरहेको बताएका छन् ।

# वृहत्तरका अध्यक्ष झा र सदस्य मिश्रद्वारा पदभार ग्रहण

टुडे समाचारदाता

जनकपुरधाम । नवनियुक्त वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष कौशल किशोर झा र सदस्य अजित मिश्रले सोमवार पदभार ग्रहण गरेका छन् ।

सरकारले परिषद्को अध्यक्षमा झा र सदस्यमा मिश्रलाई नियुक्त गरेपछि दुवैले आज परिषद् कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् । पदभार ग्रहण गर्दै अध्यक्ष झाले वृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वलाई अन्तर्राष्ट्रियस्तरमा थप उजागर गर्दै विकासका गतिविधिलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।



उनले जनकपुरधामको ऐतिहासिक तथा धार्मिक पहिचान संरक्षणसँगै क्षेत्रको सौन्दर्यीकरण, पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर काम गर्ने बताए ।

अध्यक्ष झाले परिषद्लाई थप सक्रिय र परिणाममुखी बनाउन कर्मचारी, स्थानीय तह, धार्मिक संघसंस्था तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय र सहकार्य आवश्यक रहेको बताए । उपलब्ध स्रोत तथा साधनको प्रभावकारी उपयोग गर्दै वृहत्तर जनकपुर क्षेत्रको विकासलाई गति दिने उनले भने ।

जनकपुरधामको धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वस्तरमा स्थापित गर्न परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै झाले स्थानीय समुदायको सहभागितामा विकासका कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

त्यस्तै, नवनियुक्त सदस्य मिश्रले पनि परिषद्को उद्देश्य पूरा गर्न अध्यक्षसहित सम्बन्धित निकाय र सरोकारवालासँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

वृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई उपयोग गर्दै पूर्वाधार विकास, संरक्षण, सौन्दर्यीकरण र पर्यटन प्रवर्द्धनमार्फत क्षेत्रको समग्र विकासमा योगदान पुर्याउने नयाँ नेतृत्वको लक्ष्य रहेको जनाइएको छ ।

# औरही खोलासहित पुल निर्माणका लागि निरीक्षण

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको ढल्केबर र सिन्धुलीको चन्दनपुर जोड्ने सडकखण्ड अन्तर्गत मिथिला नगरपालिका-५ स्थित औरही खोलामा पुल निर्माणका लागि स्थलगत निरीक्षण तथा प्राविधिक मापन गरिएको छ ।

नेपाल सरकारको विकास पूर्वाधार मन्त्रालयको बजेटमा समावेश धनुषा निर्वाचन क्षेत्र नम्बर ४ अन्तर्गतका विभिन्न पुल निर्माणस्थलको अवस्थाबारे जानकारी लिन प्रतिनिधिसभा सदस्य राजकिशोर महतोको नेतृत्वमा प्राविधिक टोलीले स्थलगत निरीक्षण गरेको हो ।

निरीक्षणका क्रममा खोलाको बहाव, चौडाइ, प्रस्तावित पुलको लम्बाइ तथा चौडाइ, बाढीका कारण निर्माणस्थलमा पर्न सक्ने सम्भावित प्रभावलगायतका प्राविधिक विषयमा



अध्ययन तथा मापन गरिएको थियो ।


पुल निर्माण भएपछि धनुषाको ढल्केबर क्षेत्र र सिन्धुलीको चन्दनपुर क्षेत्रबीचको आवागमन सहज हुने अपेक्षा गरिएको छ। पुल बनेपछि स्थानीयवासीलाई शिक्षा, स्वास्थ्य सेवा, कृषि उपजको ढुवानी तथा व्यापारिक गतिविधिमा समेत सहजता पुग्ने स्थानीयवासीको भनाइ छ ।

ट ा ` ल ी ल ` बटेश्वर गाउँपालिका-३ बाट कार्तिककुमार जाने बाटोमा पर्ने बिघी खोलामा निर्माण हुने पुल, मिथिला नगरपालिका-६ देखि वडा नम्बर ८ को कुसुम बिसौना हुँदै लवकुश चोक जाने सडकखण्डमा पर्ने सुखजोर खोलामा निर्माण हुने पुल तथा मिथिला नगरपालिका-५ स्थित औरही खोलामा निर्माण हुने पुलको स्थलगत अवलोकन तथा मापन गरेको हो । निरीक्षण टोलीमा सडक डिभिजन कार्यालय जनकपुरका इन्जिनियर अजय शाह, सब-इन्जिनियर सञ्जय चौधरी तथा स्थानीयवासीको सहभागिता रहेको थियो ।

स्थलगत निरीक्षणका क्रममा सांसद महतोले बजेटमा समावेश भएका पुलहरूको निर्माण प्रक्रिया अघि बढाउन आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले स्थलगत मापन तथा प्राविधिक अध्ययन सम्पन्न भएपछि पुल निर्माणको थप प्रक्रिया अघि बढाइने बताएका छन् ।

ल ा म ा ` समयदेखि पुल निर्माणको माग गर्दै आएका स्थानीयवासीले औरही खोलालगायतका स्थानमा स्थलगत निरीक्षण र प्राविधिक मापन भएपछि अब पुल निर्माण हुने आशा बढेको बताएका छन् ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# परम्परामा सीमित तीज

नेपालमा नारीहरुले अत्यन्त उल्लास र धुमधामका साथ मनाइने तीज पर्व यस वर्ष परम्परागत रुपमा मनाइएको छ। विगतको जस्तो दर खाने, गीत गाउने, नाचगान गर्ने जस्ता कार्यक्रमहरु यस पटक खासै देखिएन । नारीहरुले अत्यन्त सादगीपूर्ण ढंगले धार्मिक आस्था र निष्ठाको साथ तीज पर्व मनाएका छन् । तीज पर्वमा विगतमा कयौं भीडीयो र गीतहरु सार्वजनिक हुने गरेको थियो । तीजमा महिलाहरु अत्यन्त उल्लासका साथ सहभागी हुने गरेका थिए। तीजमा सरकारले महिलाहरुलाई सार्वजनिक विदा दिने गरेको छ। नेपालमा अत्यन्त हर्षोल्लासका साथ तीज पर्व मनाइँदै आएको छ। पछिल्ला केही वर्षहरुमा तीज पर्वको उल्लास झण्डै एक महिनादेखि देखिन्थ्यो । तीजले आपसी सम्बन्ध विस्तार, परिवारजनहरुसित मिलनको साइत जुडाउने गरेको छ । तर यस वर्ष बिल्कुल फरक ढंगले तीज मनाइएको छ । भोटेकोशीको बाढीले गरेको विनाशपछि नारीहरुले नाचगान गरेर मनाउने तीज परम्परागत रुपमा मनाएका छन् । तीजको बेला होटेल लगायतको क्षेत्रमा हुने व्यवसाय यसपटक न्यून रह्यो । तीजमा आस्था र निष्ठामा कुनै कमी देखिएन । तर तीजमा हुने खर्चमा भारी कटौती गरिएको देखियो । नारीहरुले परम्परागत रुपमा घरमै अथवा शिव मन्दिरहरुमा गएर पुजाअर्चना गरे । दिनभरि नाचगानले झुम्मिने मठमन्दिरहरुमा यस पटक पुजाअर्चना गर्नेहरुको पनि धेरै भीड देखिएन । पर्वप्रतिको निष्ठामा भने कतै कमि आएको महसुस नगरिए पनि तडकभडक भने देखिएन । मठमन्दिरहरुमा बिहानै देखि व्रतालुहरु पुगे । तर सबै आ-आफ्नो पुजामा मात्र लिन देखिए । तीज पर्वमा नारीहरुले श्रद्धापुर्वक भगवान शिवको पुजा अराधना गर्छन् । दिनभरि उपवास बसेर रात्रि जग्राम रहने तिजका व्रतालुहरुले सबै विधि विधान पूरा गरे । उनीहरुले समूहगत रुपमा तीज पर्व आ-आफ्नै टोलमा पण्डितबाट कथा श्रवण गरी मनाएका छन् । तीजका श्रद्धालुहरुलाई यसवर्ष भोटेकोशीको बाढीले मनलाई दुखी बनाएको छ । हुन त सिंगो नेपाल नै बाढीको प्रकोपबाट आहत छन् । पाँच हजार बढी मानिसको ज्यान लिएको भोटेकोशी प्रलयको कारण नेपालीको मन रोएको छ । परम्परालाई निर्वाह गरे पनि मनमा भारी पीडा छ । प्रभावित क्षेत्रमा मात्र नभइ देशैभरि त्यो प्रलयको पीडा देखिएको छ । भोटेकोशी प्रलयको पीडा प्रभावित क्षेत्रमा त कयौँ वर्षसम्म रहने छ । तर सिंगो देश पनि त्यसबाट चाँडै मुक्त हुन सक्दैन । बाढीले हरेक क्षेत्रलाई नराम्ररी प्रभावित गरेको छ । तीजमा देखिएको त्यसको प्रभाव वडा दशैँमा पनि पर्नेछ । तीज पर्वकै दिन मिथिला क्षेत्रमा चौठचन्द्र( चौरचन)र गणेश चतुर्थी मनाइन्छ । तर सबै पर्वमा बाढीको असर देखिएको छ । तराईमा गणेश पुजनोत्सवमापनि यस पटक नाचगान देखिएको छैन ।

# लोककल्याणकारी विज्ञापन राज्यको दया होइन



● रमेश कुमार बोहोरा

काठमाडौं । सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि नेपाली छापा पत्रकारिता फेरि एकपटक गम्भीर संकटको मोडमा पुगेको छ । सरकारका लागि यो बजेट व्यवस्थापन, प्रशासनिक प्राथमिकता वा खर्च कटौतीको सामान्य निर्णय हुन सक्छ । तर छापा माध्यमका लागि यो कुनै एउटा बजेट शीर्षक घटाइएको विषय मात्र होइन । यो हजारौँ पत्रकार तथा श्रमजीवी पत्रकारको रोजगारी, स्वरोजगारमा आधारित साना तथा मझौला प्रकाशनको अस्तित्व, नागरिकसम्म सार्वजनिक सूचना पुर्‍याउने राज्यको प्रणाली र अन्ततः लोकतान्त्रिक सञ्चार बहुलतासँग जोडिएको गम्भीर प्रश्न हो ।

सबैभन्दा महत्वपूर्ण कुरा, सरकारले बुझ्नैपर्ने तथ्य हो । लोककल्याणकारी विज्ञापन कुनै सरकार, मन्त्री वा राजनीतिक दलले पत्रकारलाई दिएको कृपा होइन । यो सात दशक लामो सार्वजनिक सूचना प्रवाहको एउटा स्थापित प्रणाली हो । यसको प्रारम्भिक आधार वि.सं. २०१५ सालमा गठित प्रेस कमिसनले पत्रकारिता विकासका लागि दिएका सुझावसम्म पुग्छ । त्यसपछि पत्रपत्रिकाका प्रतिनिधिलाई प्रमाणपत्र दिने व्यवस्था हुँदै २०१६ सालदेखि पत्रपत्रिकालाई लोककल्याणकारी विज्ञापन दिन सुरु गरिएको सरकारी अभिलेखमा उल्लेख छ ।

त्यो समयको सामाजिक, राजनीतिक र सञ्चार परिवेश आजको भन्दा बिल्कुल फरक थियो । रेडियोको पहुँच सीमित थियो । टेलिभिजन सर्वसाधारणको पहुँचमा थिएन । डिजिटल सञ्चार त कल्पनाभन्दा बाहिरको विषय थियो । राज्यका सूचना, सार्वजनिक चेतनामूलक सन्देश, सरकारी निर्णय र नागरिक सरोकारका विषय जनतासम्म पुर्‍याउने प्रमुख माध्यम पत्रपत्रिका नै थिए ।

अर्थात्, राज्यले नागरिकलाई सूचना दिने आफ्नो दायित्व पूरा गर्न छापा माध्यम प्रयोग गर्ने प्रणाली त्यतिबेलै निर्माण गरेको थियो । त्यसैले आज आएर लोककल्याणकारी विज्ञापनलाई 'मिडियालाई सरकारले दिने पैसा'का रूपमा मात्र व्याख्या गर्नु इतिहास, नीति र राज्यको सार्वजनिक दायित्व तीनैको अपमान हो ।

प्रश्न सीधा छ, सरकारले आफ्ना नीति, निर्णय, सूचना, सार्वजनिक आह्वान र नागरिकसँग सम्बन्धित सन्देश प्रकाशन गराउँछ भने त्यसको लागतलाई मिडियामाथिको सरकारी दया कसरी भन्न मिल्छ ?

लोककल्याणकारी विज्ञापनको मूल अवधारणा पत्रकारलाई दान दिने होइन, नागरिकलाई सूचना दिने हो । राज्यले स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा, नागरिक अधिकार, सामाजिक चेतना, सरकारी कार्यक्रम, कानुनी व्यवस्था तथा सार्वजनिक सरोकारका विषयबारे नागरिकलाई जानकारी गराउन सञ्चारमाध्यम प्रयोग गर्छ । सञ्चारमाध्यमले त्यस्तो सूचना प्रकाशित गरेपछि निर्धारित मापदण्ड र प्रक्रियाअनुसार हुने भुक्तानी राज्यले खरिद गरेको सूचना प्रकाशन सेवाको मूल्य हो । त्यसलाई अनुदान वा कृपा भनेर चित्रण गर्नु नै आधारभूत रूपमा गलत छ ।

समयसँगै यो प्रणाली पनि परिवर्तन हुँदै आयो । प्रेस काउन्सिल ऐन, २०४८ पछि पत्रपत्रिकाको वितरण सम्परीक्षण तथा वर्गीकरणसम्बन्धी कानुनी संरचना अघि बढ्यो । पत्रपत्रिकालाई विभिन्न वर्गमा राख्ने प्रक्रिया केवल प्रमाणपत्र बाँड्ने अभ्यास थिएन । नियमित प्रकाशन, वितरण, सामग्री, मौलिकता, प्रकृति तथा अन्य मापदण्डका आधारमा वास्तविक र जिम्मेवार प्रकाशनलाई पहिचान गर्ने प्रयाससमेत त्यसमा जोडिएको थियो ।

प्रेस काउन्सिल नेपालको अभिलेखअनुसार २०५५ सालमा पहिलोपटक पत्रपत्रिका वर्गीकरण मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । यसले सरकारी विज्ञापन तथा लोककल्याणकारी विज्ञापन वितरणलाई सञ्चारमाध्यमको वास्तविक अवस्था र सार्वजनिक भूमिकासँग जोड्ने आधार थप बलियो बनायो ।

त्यसपछि २०६९ सालमा 'सूचना वा विज्ञापनको समानुपातिक वितरण प्रणाली सम्बन्धी निर्देशिका' आयो । यसको मूल भावना सरकारी सूचना तथा विज्ञापन सीमित ठूला सञ्चारमाध्यममा मात्र केन्द्रित नहोस् र सञ्चारमाध्यमको विविधता कायम रहोस् भन्ने अवधारणासँग जोडिएको थियो । लोकतन्त्रमा केही ठूला सञ्चारगृह बलिया भएर मात्र सूचना प्रणाली बलियो हुँदैन । स्थानीय, प्रदेश, राष्ट्रिय तथा स्वरोजगारमूलक साना-मझौला छापा माध्यमले नागरिकका फरक आवाज, स्थानीय समस्या र सार्वजनिक सरोकारका विषय उठाइरहेका हुन्छन् । यस्ता माध्यमको अस्तित्व कमजोर पार्नु भनेको सूचना प्रवाहको बहुलता र नागरिकको सूचनामा पहुँच दुवै कमजोर पार्नु हो ।

लोककल्याणकारी विज्ञापनको इतिहासमा २०७६ साल अर्को महत्वपूर्ण मोड बन्यो । प्रेस काउन्सिल नेपालको प्रकाशनमा उल्लेख भएअनुसार बहुदलीय व्यवस्थापछि पत्रपत्रिकालाई प्रकाशनका लागि कागज खरिदमा सहयोग गर्ने पुरानो व्यवस्था करिब २०७५/०७६ सम्म कायम थियो । त्यसपछि वर्गीकरणमा परेका पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने, बिल तथा प्रमाण पेश गर्ने र तोकिएको प्रक्रियाबाट रकम प्राप्त गर्ने भुक्तानी प्रणाली अघि बढ्यो । २०७६ साउनदेखि यस्तो प्रणाली निरन्तर रहेको उल्लेख छ । यसले आजको प्रणालीको आधार तयार गर्‍यो । त्यसैले अहिले नियमित प्रकाशन गरिरहेका पत्रपत्रिकाले सरकारसँग 'मन लागेर पैसा देऊ' भनेर माग गरिरहेका होइनन् ।

> प्रश्न सीधा छ, सरकारले आफ्ना नीति, निर्णय, सूचना, सार्वजनिक आह्वान र नागरिकसँग सम्बन्धित सन्देश प्रकाशन गराउँछ भने त्यसको लागतलाई मिडियामाथिको सरकारी दया कसरी भन्न मिल्छ ?
> लोककल्याणकारी विज्ञापनको मूल अवधारणा पत्रकारलाई दान दिने होइन, नागरिकलाई सूचना दिने हो ।
> राज्यले स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा, नागरिक अधिकार, सामाजिक चेतना, सरकारी कार्यक्रम, कानुनी व्यवस्था तथा सार्वजनिक सरोकारका विषयबारे नागरिकलाई जानकारी गराउन सञ्चारमाध्यम प्रयोग गर्छ ।

उनीहरूले राज्यको सार्वजनिक सूचना प्रकाशन गर्छन्, निर्धारित प्रक्रिया पूरा गर्छन्, बिल तथा प्रमाण पेश गर्छन् र राज्यले तोकेको प्रणालीअनुसार भुक्तानी लिन्छन् ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ पछि विज्ञापन क्षेत्र नियमन गर्न विज्ञापन बोर्डको संस्थागत संरचना बन्यो । त्यसपछि लोककल्याणकारी विज्ञापनको व्यवस्थापनमा विज्ञापन बोर्ड महत्वपूर्ण निकायका रूपमा स्थापित भयो । छापा माध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८० जारी भयो । त्यसपछि २०८२ मा समेत नयाँ कार्यविधि जारी गरिएको छ ।

यहाँबाट सरकारमाथि अझ गम्भीर प्रश्न उठ्छ । राज्य आफैँ कानुन बनाउँछ, कार्यविधि बनाउँछ, वर्गीकरण गर्छ, विज्ञापन उपलब्ध गराउँछ, बिल माग्छ, प्रमाण माग्छ, अनि निर्धारित प्रक्रियाबाट भुक्तानी गर्ने प्रणाली स्थापित गर्छ। तर संकट देखिएपछि त्यही प्रणालीको रकम कटौती गर्छ भने नीति बनाउने राज्य आफ्नो नीतिको आर्थिक जिम्मेवारीबाट उम्किन मिल्छ ?

यदि प्रणालीमा कमजोरी छन् भने सुधार गर । यदि अनियमितता छन् भने छानबिन गर । यदि वितरण नभएका पत्रिका देखाएर सुविधा लिने प्रवृत्ति छ भने त्यसलाई रोक । तर केही गलत अभ्यासको बहाना बनाएर नियमित प्रकाशन गरिरहेका, पत्रकार तथा श्रमजीवी पत्रकारलाई रोजगारी दिइरहेका र नागरिकसम्म सूचना पुर्‍याइरहेका वास्तविक छापा माध्यमलाई सामूहिक रूपमा दण्डित गर्ने नीति कदापि न्यायोचित हुन सक्दैन ।

आज नेपाली छापा पत्रकारिता आफैँ गम्भीर आर्थिक दबाबमा छ । विज्ञापन बजार सीमित छ । डिजिटल माध्यमको विस्तारले परम्परागत विज्ञापन बजार खुम्चिएको छ । कागज, छपाइ, ढुवानी र वितरण खर्च निरन्तर बढिरहेको छ । आर्थिक गतिविधिमा आएको सुस्तताले निजी क्षेत्रको विज्ञापन क्षमता घटाएको छ । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मले विज्ञापन बजारको ठूलो हिस्सा तानेका छन् । यस्तो अवस्थामा राज्यले निजी क्षेत्रको व्यावसायिक विज्ञापनको विकल्प बन्नुपर्दैन । तर राज्यले स्वयं नागरिकलाई दिनुपर्ने सार्वजनिक सूचना प्रकाशनको खर्चचाहिँ घटाउन मिल्दैन ।

अझ गम्भीर पक्ष के हो भने छापा माध्यम संकटमा परेको विषय स्वयं प्रेस काउन्सिल नेपालले समेत विभिन्न समयमा उठाउँदै आएको छ । सामाजिक सञ्जालको विस्तार, प्राकृतिक विपत्ति, महामारी तथा बदलिँदो सञ्चार वातावरणले पत्रकारिता क्षेत्रमा पारेको असरमध्ये छापा माध्यममा परेको आर्थिक दबाब गम्भीर रहेको भन्दै लोककल्याणकारी विज्ञापनको रकम बढाउनुपर्ने सुझावसमेत दिइएको अवस्थामा सरकार उल्टो दिशामा हिँड्नुले निर्णयको औचित्यमाथि थप प्रश्न खडा गरेको छ । सात दशकदेखि नागरिकलाई सूचना दिने प्रणालीमा आज आएर खर्च कटौती किन ? सरकारले बजेट अभाव देखाउँछ भने प्रश्न गर्नैपर्छ । सरकारी सूचना नागरिकसम्म पुर्‍याउने खर्च नै किन कटौतीको पहिलो निशाना बन्यो ? राज्यका अन्य क्षेत्रमा हुने खर्चमा मितव्ययिता खोज्ने पर्याप्त ठाउँ हुँदाहुँदै सार्वजनिक सूचना प्रवाहको पूर्वाधारमाथि नै प्रहार किन ?

लोककल्याणकारी विज्ञापन कटौतीको असर प्रकाशकको बैंक खातामा मात्र पर्दैन । यसको प्रत्यक्ष असर पत्रकार तथा श्रमजीवीको रोजगारीमा पर्छ । प्रेस, कागज, छपाइ, वितरण, ढुवानीलगायतका व्यवसाय प्रभावित हुन्छन् । स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सूचना प्रवाहको सञ्जाल कमजोर हुन्छ । स्वरोजगारमूलक प्रकाशन बन्द हुने जोखिम बढ्छ । अन्ततः यसको असर लोकतान्त्रिक बहुलतामै पर्छ । त्यसैले यो विवादलाई 'पत्रिकाले सरकारसँग पैसा मागेको' भनेर प्रस्तुत गर्नु वास्तविक समस्याबाट भाग्ने सजिलो बाटो मात्र हो । लोकतन्त्रमा प्रेस सरकारको ग्राहक होइन, आलोचक हो । प्रेसले सरकारका निर्णयमाथि प्रश्न गर्छ । सार्वजनिक खर्चको हिसाब खोज्छ । भ्रष्टाचार, अनियमितता र नीतिगत कमजोरी उजागर गर्छ । नागरिकका गुनासा सार्वजनिक गर्छ । यही प्रेसलाई आर्थिक रूपमा कमजोर पारेर बलियो लोकतन्त्रको कल्पना गर्न सकिँदैन ।

सरकारले प्रेसले आफ्नो पक्षमा लेखोस् भनेर लोककल्याणकारी विज्ञापन दिने होइन । नागरिकले आफ्नो नीति, निर्णय र सार्वजनिक सन्देशबारे जानकारी पाऊन् भनेर विज्ञापन दिने हो । यही आधारभूत अन्तर नबुझ्दा अहिलेको बहस गलत दिशामा धकेलिएको छ । यदि सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्छ भने अर्को प्रश्न झन् गम्भीर हुन्छ । सरकारकाारका सूचना नागरिकसम्म कसरी पुग्नेछन् ? के राज्यको निष्कर्ष अब सरकारी सूचना सामाजिक सञ्जालबाट मात्र पुग्छ भन्ने हो ? यदि त्यस्तो हो भने देशका सबै नागरिक डिजिटल पहुँचमा छन् भन्ने भ्रमबाट सरकार बाहिर निस्कनुपर्छ । डिजिटल पहुँच बढेको सत्य हो, तर छापा माध्यमको विश्वसनीयता, अभिलेखीय महत्व र स्थानीय पहुँच समाप्त भएको छैन । विशेषगरी स्थानीय तथा स्वरोजगारमूलक प्रकाशनले ती नागरिकसम्म सूचना पुर्‍याइरहेका छन्, जहाँ ठूला सञ्चारगृहको पहुँच सीमित हुन सक्छ । त्यसैले स्वरोजगारमूलक प्रकाशनको अस्तित्वलाई कमजोर पार्नु केवल केही प्रकाशकको व्यवसायमा प्रहार होइन, स्थानीय सूचना प्रणालीमै प्रहार हो । अब बहस लोककल्याणकारी विज्ञापन दिने कि नदिने भन्ने होइन । बहस यसलाई कसरी अझ पारदर्शी, समानुपातिक, परिणाममुखी र दिगो बनाउने भन्ने हुनुपर्छ ।

राज्यले अनियमितता रोक्नुपर्छ, तर नियमितलाई सजाय दिनु हुँदैन । वर्गीकरण वैज्ञानिक बनाउनुपर्छ, तर वर्गीकरणकै नाममा स्वरोजगारमूलक माध्यमलाई आर्थिक रूपमा समाप्त पार्नु हुँदैन । वितरणमा पारदर्शिता ल्याउनुपर्छ, तर ठूला सञ्चारमाध्यमलाई मात्र लाभ पुग्ने गरी प्रणाली केन्द्रीकृत गर्नु हुँदैन । वास्तविक प्रकाशन, नियमितता, वितरण, पत्रकार तथा कर्मचारीको संख्या, स्थानीय पहुँच र सार्वजनिक सूचना प्रवाहमा योगदानलाई आधार बनाएर प्रणाली पुनर्संरचना गर्न सकिन्छ । डिजिटल प्रमाण, पारदर्शी अभिलेख र प्रभावकारी अनुगमन प्रणाली विकास गर्न सकिन्छ । विज्ञापन बोर्डको प्रशासनिक खर्च र अनावश्यक प्रक्रियागत झन्झट घटाउन सकिन्छ । तर सूचना प्रकाशनको मूल खर्च कटौती गरेर प्रणाली सुधार हुँदैन ।

वि.सं. २०१६ सालमा सुरु भएको यो व्यवस्था सात दशकको यात्रामा आइपुगेको छ । बीचमा राजनीतिक व्यवस्था फेरिए, सरकार फेरिए, प्रविधि फेरियो, सञ्चारको स्वरूप फेरियो, कागजबाट रेडियो, टेलिभिजन हुँदै डिजिटल युग आयो, तर एउटा आधारभूत आवश्यकता बदलिएन राज्यलाई नागरिकसँग सूचना मार्फत जोडिराख्नुपर्ने आवश्यकता । त्यसैले आजको मूल प्रश्न लोककल्याणकारी विज्ञापन राज्यको दया हो कि होइन भन्ने होइन । इतिहासले त्यसको जवाफ धेरैअघि दिइसकेको छ । यो राज्यले आफ्ना सार्वजनिक सूचना नागरिकसम्म पुर्‍याउन निर्माण गरेको प्रणाली हो । सरकारले चाहेमा प्रणाली सुधार्न सक्छ, अनियमितता रोक्न सक्छ, पारदर्शिता बढाउन सक्छ, वर्गीकरणलाई वैज्ञानिक बनाउन सक्छ, तर सात दशकदेखि विकास हुँदै आएको सार्वजनिक सूचना प्रवाहको संरचनालाई आर्थिक रूपमा कमजोर बनाएर लोकतन्त्र बलियो बनाउन सकिँदैन । सरकारले बुझ्नुपर्ने कुरा यति मात्र हो । लोककल्याणकारी विज्ञापन पत्रकारितालाई दिइएको दान होइन, नागरिकलाई सूचना दिन राज्यले गर्ने खर्च हो । त्यसको रकम कटौती गर्नु भनेको केवल मिडियाको आम्दानी घटाउनु होइन, राज्यको सूचना नागरिकसम्म पुर्‍याउने आफ्नै दायित्व कमजोर बनाउनु हो ।

राज्यको चौथो अंगलाई कमजोर पारेर राज्यका बाँकी तीन अंग बलिया हुँदैनन् । स्वतन्त्र प्रेस राज्यको बोझ होइन, राज्यलाई नागरिकप्रति जवाफदेही बनाउने सार्वजनिक पूर्वाधार हो । सात दशकपछि सरकारले इतिहास उल्ट्याउने होइन, प्रणाली सुधार्ने साहस देखाउनुपर्छ । लोककल्याणकारी विज्ञापन कटौती होइन, अनियमितता नियन्त्रण, पारदर्शी वितरण, वैज्ञानिक वर्गीकरण र वास्तविक सञ्चारमाध्यमको न्यायोचित संरक्षण आजको आवश्यकता हो । किनकि प्रश्न केही पत्रपत्रिकाले कति रकम पाए भन्ने मात्र होइन । मूल प्रश्न यो हो नागरिकले राज्यको सूचना पाउने अधिकारलाई सरकारले कति मूल्य दिएको छ ?

**सरकारलाई ७ सीधा प्रश्न**

१. २०१६ सालदेखि नागरिकसम्म सार्वजनिक सूचना पुर्‍याउन प्रयोग हुँदै आएको प्रणाली आज अचानक राज्यका लागि बोझ कसरी बन्यो ?
२. सरकारले आफ्नै सूचना पत्रपत्रिकामा प्रकाशन गराउँछ भने त्यसको लागतलाई 'मिडियालाई दिएको अनुदान' भनेर किन व्याख्या गरिँदैछ ?
३. अनियमित प्रकाशन छन् भने दोषीलाई कारबाही गर्ने कि नियमित र वास्तविक प्रकाशनको विज्ञापनसमेत काट्ने ?
४. छापा पत्रकारिता गम्भीर आर्थिक संकटमा रहेको तथ्य थाहा हुँदाहुँदै रकम कटौती गर्ने निर्णयको आधार के हो ?
५. प्रेस काउन्सिलले नै लोककल्याणकारी विज्ञापनको रकम बढाउन सुझाव दिइरहेको अवस्थामा सरकार उल्टो दिशामा किन हिँड्दैछ ?
६. स्थानीय, स्वरोजगारमूलक तथा साना-मझौला छापा माध्यम कमजोर हुँदा नागरिकको स्थानीय सूचना अधिकार र सञ्चारको बहुलता कसरी सुरक्षित हुन्छ ?
७. सरकारको वास्तविक लक्ष्य अनियमितता रोक्नु हो भने प्रणाली सुधार्ने नीति किन नल्याउने ? रकम कटौती नै किन पहिलो उपाय ?

(लेखक - बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)

# नेपालमा भाषा आयोगको औचित्य



● डा. नवीनबन्धु पहाडी

भाषा बचाउनु भनेको शब्द बचाउनु मात्र होइन, एउटा सभ्यता, एउटा स्मृति र एउटा संसार बचाउनु हो । इतिहासका अनेक आरोह-अवरोह, सङ्घर्षका अनगिन्ती गाथाहरू हाम्रा बिचमा भाषाले नै जोगाएर राखेको छ । अथवा भनौं संसारलाई सभ्यताको यो खुड्किलोसम्म ल्याइपुर्‍याउने र ज्ञानको सङ्ग्रहलाई यतिविधि सजिलो भाषाले नै बनाइदिएको छ ।

मानिसले पहिलो पटक संसारलाई आँखाले भन्दा धेरै भाषाले चिनेको हो । आमाको काखमा सुनेको पहिलो शब्ददेखि मृत्युको अन्तिम क्षणमा उच्चरित हुने अन्तिम सम्बोधनसम्म भाषाको सहाराले मान्छेले आफ्ना भावहरू अभिव्यक्त गरेको हुन्छ । जीवन भाषाको अदृश्य डोरीले बाँधिएको हुन्छ । मानिसले आफूलाई आफू भनेर चिन्न पनि भाषाकै सहारा लिन्छ । त्यसैले भाषा केवल विचार अभिव्यक्त गर्ने माध्यम होइन, भाषा आफैँमा विचार निर्माणको प्रस्थान बिन्दु हो ।

जर्मन दार्शनिक मार्टिन हाइडेगरको प्रसिद्ध अभिव्यक्ति छ, 'ल्याङ्ग्वेज इज द हाउस अफ बिइङ' अर्थात् भाषा अस्तित्वको वासस्थान हो ।

मानिसको अनुभूति, स्मृति, इतिहास, संस्कृति, दर्शन, प्रेम, पीडा, हास्य र आशा सबै भाषाको भण्डारभित्र सङ्गृहित हुन्छन् । कुनै भाषा मर्छ भने शब्दको एउटा सूची मात्र हराउँदैन; त्यससँगै संसारलाई हेर्ने एउटा विशिष्ट दृष्टि, पुस्तौँ-पुस्ताले सङ्कलन गरेको ज्ञान, जीवन अनुभवको सिङ्गो भण्डार पनि रित्तिन्छ ।

भनौं, भाषा हराउनु एक सिङ्गो समुदायको कला, संस्कृति र विरासतको सम्पूर्ण गाथाको विलयन हुनु हो । अर्थात् भाषाको प्रश्न केवल व्याकरणको प्रश्न होइन । यो सदियौँदेखि बन्दै आएको आम नेपालीको सभ्यता, संस्कृति कलाको उज्यालोका बारेमा भएको प्रश्न र सँग-सँगै लोकतन्त्र, समानता, सामाजिक न्याय, राष्ट्रिय एकता, सांस्कृतिक अधिकार र नागरिक पहिचानको पनि सवाल हो ।

नेपाल भौगोलिक रूपमा सानो भए पनि भाषिक दृष्टिले समृद्ध भूगोल हो । हिमालदेखि तराईसम्म, पूर्वदेखि पश्चिमसम्म अनेकौँ भाषा, भाषिका र बोलीचालीका रूपहरूमा नेपाली समाजले आफ्ना अनुभव, भोगाइ तथा इतिहासलाई सुरक्षित राखेको छ । कुनै भाषामा हिमाल बोल्छ । कुनैमा नदी । कुनैमा वन र चराचुरुङ्गीका सूक्ष्म नामहरू छन् । कुनैमा कृषि र प्रकृतिसम्बन्धी पुस्तौँ पुरानो ज्ञान । कुनै भाषामा लोकगीतको मिठास छ भने कुनैमा मिथक । आख्यान र मौखिक इतिहासको विराट संसार छिपेको छ ।

यी सबैको साझा परोक्ष अभिभावक नेपालको संविधान हो र त्यसले व्यवस्था गरेको भाषा आयोग । त्यसैले नेपालमा भाषा आयोगको अवधारणा मूलतः भाषिक विविधतालाई राज्यको जिम्मेवारीसँग जोड्ने लोकतान्त्रिक प्रयत्नको महत्त्वपूर्ण कडी पनि हो ।

आधुनिक नेपाल राज्य निर्माणको लामो इतिहासमा धेरैलाई सहज बन्दै गएको एउटा भाषा प्रशासन, शिक्षा र सार्वजनिक जीवनमा प्रभावशाली बन्दै गयो भने अन्य धेरै भाषाहरूको प्रयोग घर, समुदाय र सांस्कृतिक क्षेत्रमा सीमित हुँदै गए ।

यस्तो अवस्थामा भाषिक समानताको प्रश्न स्वाभाविक रूपमा उठ्छ । चाहेर नचाहेर भाषालाई समय र मानवीय गतिविधिले शक्तिशाली र कमजोर बनाउँदै पनि जाँदो रहेछ । त्यसलाई राज्यले समान न्याय, समान अधिकार र संरक्षणको नीतिले जोगाउँदै लैजानुपर्ने हुँदो रहेछ ।

लोकतन्त्रले केवल मानिसलाई मतदानको अधिकार दिएर पूर्णता प्राप्त गर्दैन । नागरिकले आफ्नो भाषा, संस्कृति र पहिचानसहित राज्यमा उपस्थित हुन पाउने अवस्था सिर्जना गर्नु पनि लोकतन्त्रको अनिवार्य पक्ष हो । एउटा बालकले विद्यालयमा प्रवेश गर्दा उसको घरमा बोलिने भाषा अचानक 'कम मूल्यवान्' भएको अनुभूति गर्छ भने शिक्षाको ढोका खुलेर पनि उसको आत्मविश्वासको ढोका बन्द हुन सक्छ ।

एउटा वृद्धले आफ्नो मातृभाषामा व्यक्त गर्न सक्ने जीवनानुभूति राज्यको अभिलेखमा कहिल्यै नआए त्यो ज्ञान पुस्तान्तरणको प्रक्रियाबाट हराउन सक्छ । यस अर्थमा भाषा आयोगको मूल दर्शन यस्तो हुनुपर्छ- 'कुनै भाषा सानो बनाइएका हुन सक्छन् तर कुनै पनि भाषा सानो हुँदैन ।'

भाषाको सामर्थ्य वक्ताको संख्याले मात्र निर्धारण गर्दैन । कुनै भाषाका वक्ता थोरै हुन सक्छन्, तर त्यो भाषाभित्र सयौँ वर्षको संस्कृति, वनस्पति-ज्ञान, उपचार पद्धति, कृषि अनुभव, लोकसाहित्य र सामुदायिक स्मृति सुरक्षित हुन सक्छन् । युनेस्कोले पनि भाषिक विविधतालाई मानवताको साझा सम्पदाका रूपमा लिएको छ ।

उसका अनुसार संसारमा बोलिने हजारौँ भाषामध्ये ठुलो हिस्सा लोपोन्मुख अवस्थामा छ । करिब ४० प्रतिशत भाषाहरू लोप हुने जोखिम यात्रा गरिरहेका छन् । एउटा भाषा हराउनु भनेको त्यससँग सम्बन्धित संस्कृति र ज्ञान प्रणालीमा अपूरणीय क्षति मात्रै होइन सिङ्गो समुदायको इतिहासको विलोपन पनि हो । त्यसैले एउटा भाषाको संरक्षण हुँदै गर्दा सिङ्गो सभ्यता र त्यो समुदायको संरक्षण भइरहेको हुन्छ ।

नेपालको संविधान २०७२ को धारा ६ ले 'नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्' भनी स्पष्ट पारेको छ । यो वाक्य छोटो भए पनि यसको राजनीतिक र दार्शनिक अर्थ अत्यन्त गहिरो छ । यसले राज्यको दृष्टिमा नेपाली मात्र होइन, नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रिय सम्पदाका रूपमा स्वीकार गरेको छ ।

धारा ७ ले देवनागरी लिपिमा लेखिने 'नेपाली भाषा' लाई नेपालको सरकारी कामकाजको भाषा मानेको छ । साथै प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रादेशिक कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ ।

भाषासम्बन्धी अन्य विषय भने भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गर्ने संवैधानिक व्यवस्था छ । यस व्यवस्थाको दार्शनिक सौन्दर्य के हो भने संविधानले एकता र विविधता दुवैलाई स्वीकार गरेको छ । नेपाली भाषालाई सरकारी कामकाजको साझा माध्यम बनाउनु राष्ट्रिय प्रशासनिक एकताका लागि उपयोगी छ । तर त्यससँगै अन्य मातृभाषालाई राष्ट्रभाषाका रूपमा स्वीकार गर्नु भाषिक लोकतन्त्रको आधारमा तथा आम नेपालीको साझा सांस्कृतिक पहिचान, परम्परा र इतिहासप्रतिको सम्मान हो ।

अर्थात् संविधानले भन्न खोजेको सन्देश यस्तो स्पष्ट छ- राज्य एउटै हुनु पर्छ तर भाषा एउटै हुनुपर्छ भन्ने छैन ।

तर, भाषाको प्रश्न शिक्षासँग जोडिएर आउँदा झनै संवेदनशील हुन पुग्छ । नेपालको संविधानको धारा ३१ (५) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने तथा त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने अधिकार दिएको छ । यो व्यवस्था केवल भाषिक सुविधा होइन; ज्ञान प्राप्त गर्ने लोकतान्त्रिक अधिकार पनि हो ।

साना केटाकेटीले संसारलाई पहिलो पटक जुन भाषामा बुझ्छन्, त्यही भाषामा ज्ञानको पहिलो ढोका खोल्नु स्वाभाविक हुन्छ ।

# ग्रामीण क्षेत्रमा खानेपानीको पहुँच पुर्याउँदै प्रदेश सरकार



काभ्रेपलाञ्चोक । बाग्मती प्रदेश सरकारले जिल्लाका ग्रामीण क्षेत्रमा खानेपानीको पुहँच विस्तार गरिरहेको छ। बागमती प्रदेश सरकार, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय सिन्धुपालचोकले परियोजनामार्फत गएको एक वर्षमा एक हजारभन्दा बढी धारा जडान गरेको हो।

कार्यालयले काभ्रेपलाञ्चोकमा मात्रै ५५ वटा खानेपानीका परियोजना सम्पन्न गरी चार हजारभन्दा बढी जनसङ्ख्यालाई स्वच्छ खानेपानीको पहुँच पुर्याएको छ । ती योजनाबाट जिल्लामा थप चार हजार ७२ नागरिक प्रत्यक्ष लाभान्वित भएको कार्यालय प्रमुख श्रृष्टि ख्वालापालाले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा भने बनेपा, धुलिखेल, बेथानचोक, महाभारत र तेमालमा नयाँ धारा जडानको योजना अघि बढाइने प्रक्रियामा रहेको जनाइएको छ । बाँकी आठ स्थानीय तहमा ५५ आयोजना सम्पन्न गरिएको र बाँकी क्रमागतः करिब दुई दर्जन आयोजना निर्माणाधीन रहेको कार्यालयले जनाएको छ। "विशेष गरी प्रदेश सरकारको बजेटमार्फत आठ स्थानीय तहका ग्रामीण क्षेत्रमा आयोजना सञ्चालन गरी खानेपानीको पहुँच विस्तार भइरहेको हो, हालसम्म सम्पन्न भएका र सञ्चालनमा रहेका आयोजनाको बजेट सिलिङ भने सूचीकृतको चरणमै छौँ", प्रमुख ख्वालापालाले भन्नुभयो।

एकै वर्षमा एक हजारभन्दा बढी नयाँ धारा थपिनुले ग्रामीण तथा खानेपानीको पहुँच कमजोर रहेका क्षेत्रमा आधारभूत खानेपानी पूर्वाधार विस्तारमा प्रदेश सरकारको लगानी बढेको तथ्याङ्कले देखाएको प्रमुख ख्वालापालाको भनाइ छ । उहाँका अनुसार सबैभन्दा धेरै धारा भुम्लु गाउँपालिकामा ३३८, त्यसपछि रोशीमा ३०६, पनौती नगरमा १८८, नमोबुद्ध नगरमा ५५, पाँचखाल नगरमा ४१, चौरीदेउरालीमा ४१, खानीखोलामा ३६ तथा मण्डनदेउपुर नगरपालिकामा १४ वटा नयाँ धारा जडान गरिएको छ।

यस्तै नयाँ धारा निर्माणसँगै जिल्लाका विभिन्न स्थानीय तहमा खानेपानी पूर्वाधार विस्तार र सुधारका कामसमेत भएको पाइएको छ । जसनुसार बनेपामा छ, पनौतीमा तीन, धुलिखेल, बेथानचोक र महाभारतमा एक/एक, नमोबुद्धमा नौ, पाँचखालमा चार तथा मण्डनदेउपुरमा पाँच वटा खानेपानी आयोजना सम्पन्न भएका हुन् । त्यस्तै रोशीमा छ, खानीखोलामा चार, तेमालमा दुई, भुम्लुमा तीन र चौरीदेउरालीमा १० वटा आयोजना सम्पन्न गरिएको ख्वालापालाले जानकारी दिनुभयो।

यस्तै ५० दशमलव ५८ किलोमिटर मुख्य ट्रान्समिसन पाइपलाइन र १०९ दशमलव ५५ किमी वितरण पाइपलाइन विस्तार गरिएको छ। यस अवधिमा ४७ पानीपोखरीका साथै १८ पम्पघर निर्माण गरिएको कार्यालयले जनाएको छ।

आयोजनाअन्तर्गतखानेपानीका स्रोत संरक्षण तथा ढुङ्गेधाराको मर्मत-पुनःस्थापनातर्फसमेत काम भएका छन् । सात वटा पानीको स्रोत संरक्षण तथा ढुङ्गेधारा मर्मत-पुनःस्थापना, ३७० मिटर ढल निर्माण, ३९ भल्भ च्याम्बर, दुई कलेक्सन च्याम्बर, तीन वासआउट च्याम्बर र तीन ब्रेक प्रेसर ट्याङ्की निर्माण गरिएको कार्यालयले जनाएको छ। रासस

# बाढीपछिको पुनःस्थापनाका लागि स्रोतको कुनै कमी हुँदैनः प्रधानमन्त्री साह



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछिको पुनःस्थापनाका लागि स्रोतको कुनै पनि कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छलफल गर्दै प्रधानमन्त्री साहले पुनःस्थापनाका लागि सरकारले आफूसँग भएको तथा दातृ निकायले उपलब्ध गराएको स्रोत साधन प्रयोग गर्ने तयारी गरिरहेको बताउनुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

उहाँले बाढी प्रभावित स्थानीय तहका जनप्रतिनिधिसँगको आजको छलफल उहाँहरूको मनोबल उच्च राख्न सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

छलफलका क्रममा प्रधानमन्त्री साहले प्रभावित क्षेत्रका जनप्रतिनिधिबाटै विपद् का बेला सङ्घ, प्रदेश र स्थानीय तहबीचको तत्कालै समन्वय भएको कुरा सुन्न पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले जनप्रतिनिधिलाई लक्षित गर्दै भन्नुभयो, "यसअघि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ, तर यस विपद्मा हामी एकै ठाउँमा उभियौ, मिलेर काम गर्‍यौँ।"

प्रधानमन्त्री साहले सरकार प्रभावित क्षेत्रमा जतिसक्दो चाँडो सडक सञ्जाल पुनःस्थापना गर्ने गरी निरन्तर काम गरिरहेको उल्लेख गर्नुभयो । उहाँले सडक सञ्जाल सञ्चालनमा आएसँगै प्रभावित पूर्ववत् अवस्थातर्फ स्वतःस्फूर्त फर्कन सहज हुने विश्वास व्यक्त गर्नुभयो।

छलफलका क्रममा प्रधानमन्त्री साहले आफूहरूले सुरुआतबाटै नदी तटीय क्षेत्रमा रहेका बस्ती जोखिममा रहेको विषय उठाउँदै आएको बताउनुभयो । उहाँले स्थानीय जनप्रतिनिधिले भने जस्तै अब रसुवा बाढीबाट प्रभावित तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने बताउनुभयो। त्यसका लागि सरकारले प्रभावित क्षेत्रबाट नजिकै तर सुरक्षित स्थानमा बस्ती बसाउने गरी तयारी सुरु गरेको जानकारी गराउनुभयो।

उहाँले भन्नुभयो, "बस्ती बसाउँदा प्रभावित मानिसहरूको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृतिलगायतलाई ध्यान दिनुपर्छ र पूर्ववत् अवस्था उपलब्ध हुनुपर्छ, खेतीयोग्य जमिन जोगाउँदै, वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्छ।" यसका लागि प्रधानमन्त्री साहले आफैँ जग्गाको पहिचान गरी सङ्घ सरकारलाई सिफारिस गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह गर्नुभयो।

प्रभावित क्षेत्रका जनप्रतिधिसँगको छलफलले त्यहाँको वस्तुस्थिति बुझ्न सहयोग पुगेको प्रधानमन्त्री शाहको भनाइ थियो।

आजको भेटमा गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, नुवाकोटका प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र नुवाकोटबाटै निर्वाचित अर्का प्रतिनिधिसभासभा सदस्य अच्युतम लामिछाने सहभागी हुनुहुन्थ्यो।

साथै नुवाकोटको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका प्रमुख जगतबहादुर गुरुङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष विरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारी, रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा र आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ सहभागी हुनुहुन्थ्यो।

साथै धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा, गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ र बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया (विवेक), तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमान तथा गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दिपक तिमिल्सिना (साकार) पनि छलफलमा सहभागी हुनुहुन्थ्यो । रासस

## 'सरकारले ममाथि ज्यादती गर्‍यो '



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले सरकारले आफूमाथि ज्यादती गरेको आरोप लगाएका छन् । एयरपोर्टमा पत्रकार सम्मेलन गर्न आफूलाई सरकारले बन्देज लगाएर ज्यादती गरेको संयोजक प्रसाईंको भनाइ छ।

एयरपोर्टमा पत्रकार सम्मेलन गर्न नदिएपछि मेडिकल व्यवसायीसमेत रहेका संयोजक प्रसाईंले आफ्नै निवास पुगेर पत्रकार सम्मेलन गरेका थिए। त्यसक्रममा उनले जेनजी आन्दोलनका क्रममा संसद्, सिंहदरबार लगायतका भौतिक संरचना जनाउन भएको षड्यन्त्रबारे आफूसँग धेरै भिडियो रहेको भन्दै चाँडै सार्वजनिक गर्ने बताए।

'म माथि यो सरकारले ज्यादती गरेको छ, यसमा विज्ञहरू बोल्नुपर्छ', संयोजक प्रसाईंले भने, 'कोही विज्ञहरू अहिले पनि बालेन विना केही हुँदैन भनेजस्तो गर्छन्।'

संयोजक प्रसाईंले मुलुकमा सुशासन नभएको तथा सरकारप्रति विश्वासको वातावरण नभएको भन्दै लगानीकर्ताहरू आउनै छाडेको बताए। प्रसाईंले पहिला राष्ट्र जोगाउनुपर्ने र त्यसका लागि राष्ट्रवादी शक्तिहरू एक ठाउँमा उभिनुपर्ने बताए। संयोजक प्रसाईंले आफूले प्रधानमन्त्री बालेन र गृहमन्त्री सुधन गुरुङको रिस नगरेको भन्दै राम्रो गरी काम गरे आफू कुनै विरोध नगर्ने बताए।

# एमाले पुनर्गठन कार्यदलमा पेश भएका दुवै प्रतिवेदन संयुक्त गरिने



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलमा पेश भएका दुई प्रतिवेदनलाई संयुक्त रुपमा पेश गर्ने भएका छन् । शुरुमा सदस्य सचिव शंकर पोखरेलले तयार गरेको ६५ पृष्ठको प्रतिवेदनमा अध्यक्ष केपी शर्मा ओली असन्तुष्ट जनाएपछि संयोजक रामबहादुर थापा बादललाई ४५ पृष्ठको अर्को प्रतिवेदन लेख्न लगाएका थिए।

सदस्यसचिवको प्रतिवेदनमा अध्यक्ष ओलीले नेतृत्व छाड्नुपर्ने, विशेष महाधिवेशनमा जानुपर्नेलगायतका विषय आएपछि अध्यक्ष ओली असन्तुष्ट भएकाले त्यसलाई चिर्नेगरी संकटको बेला पार्टी नेतृत्वलाई मात्रै आरोप लगाउन नहुने आशयको अर्को प्रतिवेदन तयार भएको थियो।

शुक्रबार पार्टी कार्यालयमा बसेको कार्यदलको बैठकमा दुवै प्रतिवेदन पेश भएपछि र कार्यदलका सदस्यहरु नै दुई समूहमा बाँडिएपछि यसलाई लामो समयमा बाहिर बसेर छलफल गर्ने योजना बनाइएको छ।

सोहीअनुसार शनिबारदेखि कार्यदलका सबैजना काभ्रे पुगेका हुन्। हिजो र आज बसेको बैठकमा बादल र शंकरले तयार गरेको प्रतिवेदनका विषयमा सबैले धारणा राखेपछि कार्यदलले एकै प्रतिवेदन तयार गर्नुपर्ने निचोड आएको र सोहीअनुसार तीन जनालाई जिम्मेवारी दिइएको सहभागी एक सदस्यले बताए।

यसको जिम्मेवारी संयोजक रहेका रामबहादुर थापा बादल, सदस्य विष्णु पौडेल, सदस्य सचिव शंकर पोखरेललाई दिइएको छ । 'दुई दिन बसेको बैठकमा नेताहरुले आफूलाई लागेका कुरा खुलस्त राखेको अवस्था छ, धेरै विषयमा आन्तरिक रुपमा छलफल भएका छन्, ती सदस्यले भने, 'केही अष्पष्ट भएका विषय पनि आएका छन्, ती सबै समेटिएर एकै प्रतिवेदन आउने छ, कार्यदलले ल्याउने एकै प्रतिवेदन हुनेछ।'

# राजनीतिक प्रदर्शनमा नेपाली सङ्ग्रहालयको सुरक्षा जोखिम उच्च अध्ययन

काठमाण्डु । नेपालमा राजनीतिक आन्दोलन तथा हुलदङ्गाको समयमा सङ्ग्रहालयको सुरक्षा प्रणाली कमजोर रहेको एक अध्ययनले देखाएको छ । सङ्ग्रहालयहरूमा आधारभूत भौतिक सुरक्षा व्यवस्था रहे पनि संस्थागत सुरक्षा नीति, नियमित सुरक्षा अडिट, प्रशिक्षित जनशक्ति, आपत्कालीन तयारी र राजनीतिक अशान्तिका समयमा सङ्ग्रहालय तथा सम्पदाको संरक्षण गर्ने स्पष्ट कार्यप्रणालीको अभाव रहेको अध्ययनले औँल्याएको हो।

अन्तरराष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम) नेपालले गरेको 'राजनीतिक द्वन्द्वको समयमा सङ्ग्रहालय उत्थानशीलता र सांस्कृतिक समपदाको सुरक्षा' विषयक शीर्षकको उक्त अध्ययनले राजनीतिक प्रदर्शनीका क्रममा सङ्ग्रहालयहरूले जबर्जस्ती प्रवेश, चोरी तथा लुटपाट, तोडफोड, आगजनी तथा धुवाँबाट हुने क्षति, भीड तथा नागरिक अशान्ति, सांस्कृतिक वस्तुको अवैध ओसारपसार, कर्मचारी तथा आगन्तुकको सुरक्षा, विद्युत् तथा आपत्कालीन सेवामा अवरोध र सङ्ग्रहालयका वस्तुको सुरक्षाको जोखिम सामना गर्नुपर्ने परेको देखाएको छ।

अध्ययनअनुसार धेरै सङ्ग्रहालयमा सुरक्षा गार्ड, सिसिटिभी, परिसरको पर्खाल, ताल्चा तथा ग्यालरी सुरक्षा जस्ता आधारभूत भौतिक सुरक्षा उपाय उपलब्ध भएता पनि औपचारिक संस्थागत सुरक्षा नीति र प्रणालीगत सुरक्षा, सङ्ग्रहालय विशेष सुरक्षा तालिमको सीमितता तथा राजनीतिक अशान्तिका लागि पूर्वतयारीको अभाव मुख्य कमजोरीका रूपमा देखिएका छन् । मानिस र वस्तुलाई दैनिक जोखिमबाट जोगाउने, जानाजानी हुने जोखिम रोक्ने, सङ्ग्रह, सम्पदा मूल्य र संस्थागत दायित्वको समग्र संरक्षण गर्ने र सङ्कटपछि पुनःस्थापित भएर निरन्तर सेवा दिन सक्ने क्षमतालाई एकीकृत रूपमा विकास गर्नुपर्ने अध्ययनको सुझाव छ।

अध्ययनले २०२५ को 'जेनजी' आन्दोलनमा सिंहदरबारलगायत ऐतिहासिक तथा पुरातात्विक भवनमा क्षति पुग्नाका साथै कतिपय प्राचीन वस्तु तथा अभिलेखमा पनि क्षति पुगेको र केही सङ्ग्रहालय सञ्चालन तथा सञ्चालन सङ्कटमा परेको जस्ता घटना अध्ययनका तथ्यहरु पनि उजागर गरेको छ।



कार्यक्रममा पुरातत्व विभागमा महानिर्देशक डा सुरेश सुरस श्रेष्ठले राजनीतिक आन्दोलनको प्रभाव सङ्ग्रहालयका भवन वा वस्तुको भौतिक क्षतिमा मात्र सीमित नहुने भन्दै सङ्ग्रहालय बन्द गर्नुपर्ने अवस्था, सञ्चालन खर्च वृद्धि, आगन्तुक तथा आम्दानीमा कमी, चोरी-लुटपाट र अवैध कारोबारको जोखिम, कर्मचारीमा असुरक्षा तथा मनोवैज्ञानिक तनाव, संरक्षण कार्य र संस्थागत निर्णय प्रक्रियामा अवरोधजस्ता समस्या पनि उत्पन्न हुने अनुभव सुनाउँदै यो अध्ययनले सङ्ग्रहालय सुरक्षाको सवालमा नेपालमै पहिलो पटक यी आयामहरुलाई व्यवस्थित ढङ्गले बाहिर ल्याएको बताउनुभयो।

प्रा डा सोमप्रसाद खतिवडा, भीम नेपाल, डा हरि थापाले अध्ययनलाई अझ विशिष्ट र विस्तृत बनाउन सङ्ग्रहालय सुरक्षासँग सम्बन्धित अन्तरराष्ट्रिय मापदण्ड, नेपालका विशिष्ट घनाक्रमहरुलाई जोडेर विश्लेषण गर्न सुझाव दिनुभएको थियो । कार्यक्रममा सहभागित नेपाल प्रहरी तथा सैनिक सङ्ग्रहालय तथा अन्य सङ्ग्रहालयका प्रतिनिधिहरुले अध्ययनले सङ्कटका समयमा स्थानीय समुदायलाई सङ्ग्रहालय संरक्षणको महत्वपूर्ण साझेदारका रूपमा प्रस्तुत गरेको पक्षलाई नेपालको सङ्ग्रहालयल सुरक्षा विशिष्ट पाटो रहेको र उक्त कुरा अध्ययनमा आउनुले यो अध्ययनले वास्तविक चित्र उजागर गरेको बताउका थिए । अध्ययनले समुदायले सङ्ग्रहालयलाई साझा सांस्कृतिक तथा नागरिक सम्पत्तिका रूपमा स्वीकार गर्ने, स्थानीय स्वयंसेवी पहल गर्ने तथा सङ्कटका समयमा शान्तिपूर्ण र गैर-टकरावपूर्ण व्यवहारमार्फत सहयोग गर्ने सम्भावना देखिएको छ।

स्थानीय संस्कृति, पर्व, परम्परा र कथासँग जोडिएको सङ्ग्रहालयले समुदायसँग विश्वास निर्माण गर्न सक्ने अध्ययनले उल्लेख गरेको छ तर समुदायको योगदानलाई अनौपचारिक पहलमा मात्र निर्भर नराखी स्थानीय समुदाय, विद्यालय, युवा समूह, सम्पदा अभियन्ता, सांस्कृतिक तथा धार्मिक संस्था र स्थानीय सरकारलाई समेटेर औपचारिक सञ्जाल निर्माण गर्नुपर्ने अध्ययनको सुझाव छ।

अध्ययनले आगामी दिनमा संग्रहालय सुरक्षालाई राष्ट्रिय नीतिगत प्राथमिकतामा राख्नुपर्ने निष्कर्ष निकालेको छ। त्यसका लागि भौतिक सुरक्षा, सङ्ग्रह संरक्षण, आपत्कालीन तयारी, अभिलेखीकरण, बीमा तथा सङ्कटपछिको पुनःस्थापनाका न्यूनतम मापदण्ड निर्धारण गर्नुपर्ने सिफारिस गरिएको छ। त्यस्तै, प्रत्येक सङ्ग्रहालयले राजनीतिक अशान्ति, आगलागी, भूकम्प, चोरी, तोडफोड, बाढी तथा भीडजन्य जोखिमलाई समेट्ने नियमित जोखिम मूल्याङ्कन र सुरक्षा अडिट गर्नुपर्ने तथा सङ्ग्रहालय कर्मचारी, सुरक्षा निकाय, स्थानीय सरकार, सम्पदा विज्ञ, स्वयंसेवक र समुदायका लागि नियमित तालिम तथा संयुक्त अभ्यास सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ । यी जोखिमहरु ठूला सङ्ग्रहालय र साना सङ्ग्रहालयहरुका लागि फरक फरक विशिष्टता भएकाले सोही अनुसारको सुरक्षा व्यवस्था अपनाउन काम गर्न आवश्यक रहेको औँल्याएको छ।

अध्ययनको प्रारम्भिक नतिजा पुरातत्व विभाग र आइकम नेपालले आयोजना गरेको कार्यक्रममा सार्वजनिक गर्दै अनुसन्धानकर्ता तथा आइकम नेपालका सचिव ओमप्रकाश घिमिरेले तुलनात्मक रुपमा ठूला सङ्ग्रहालयमा सुरक्षा प्रणाली सन्तोषजनक रहे पनि साना सङ्ग्रहालयमा भने न्यूनतम सुरक्षा प्रणाली पनि नरहेकाले सुरक्षा जोखिम उच्च रहेको बताउनुभयो। अध्ययनको निष्कर्षमा सङ्ग्रहालयलाई जोखिमसम्बन्धी ज्ञान, तयार जनशक्ति, संस्थागत समन्वय, समुदायको सहभागिता, नीति, पर्याप्त स्रोत, प्रविधि, अभिलेखीकरण र निरन्तर सिकाइलाई एकीकृत गरे मात्र सङ्कटका समयमा सङ्ग्रहालय, संग्रह, सांस्कृतिक स्मृति र सेवा निरन्तरता सुरक्षित गर्न सकिने अध्ययनले स्पष्ट गरेको छ । रासस

# स्थानीय तहका जनप्रतिनिधिले प्रधानमन्त्रीसँग भन्नुभयो - विपद्मा संघीय सरकारको दरिलो साथ-सहयोग पायौँ


काठमाण्डु । भोटोकोशी बाढी प्रभावित क्षेत्रका स्थानीय जनप्रतिनिधिले विपद्को समयमा सङ्घीय सरकारले प्रभावात्मक काम गरेको भन्दै प्रसंशा गर्नुभएको छ। यही भदौ १० गतेको बाढीलगत्तै खोज, उद्धार, उपचार तथा राहत व्यवस्थापनका लागि केन्द्र सरकारले चालेका कदमको उहाँहरूले सरहाना गर्नुभयो।

प्रधानमन्त्री वालेन्द्र साहसँग आज भएको छलफलमा उहाँहरूले बाढीपछिको काममा केन्द्र सरकारले प्रदेश र स्थानीय तहसँग सुरुदेखि नै समन्वय गरिरहेको बताउनुभयो।

छलफलका क्रममा जनप्रतिनिधिहरूले बाढीलगत्तै केन्द्र सरकारले स्थानीय तहहरूसँग समन्वय गरी मन्त्री तथा कर्मचारीहरूलाई प्रभावित क्षेत्रमा निरन्तर खटाएको र खोज, उद्धार तथा राहतको नियमित अनुगमन गरिरहेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रको वास्तविक स्थिति बुझ्न आफूहरूलाई कार्यालयमै बोलाएर छलफल गर्नु सकारात्मक भएको उहाँहरूको भनाइ थियो।

धादिङ सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडाले विपद्को समयमा सङ्घीय सरकारले प्रभावकारी काम गरेको बताउनुभयो । "यति ठूलो विपत्ति कहिल्यै आएको थिएन, विपद्लगतै सरकारले खोज, उद्धार र राहतलाई प्रभावकारी बनायो, विगतका विपद्मा त्यस्तो देखिएको थिएन, म यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छु", उहाँले भन्नुभयो।

नुवाकोट विदुर नगरपालिकाका अध्यक्ष राजन श्रेष्ठले केन्द्र सरकारको समन्वयमा तत्काल खोज, उद्धार सुरु भएकामा सङ्घ सरकारको प्रशंसा गर्नुभयो। उहाँले नियमित अनुगमन र निरीक्षण सङ्घबाट प्रभावकारी रूपमा भइरहेको बताउनुभयो।



भविष्यमा प्रभावित क्षेत्रका नागरिकहरूको पुनर्स्थापनाका लागि सङ्घीय सरकारसँग निरन्तर सहकार्य, समन्वय र सहजीकरण गर्न आफूहरू तयार रहेको प्रतिबद्धता जनप्रतिनिधिहरूले व्यक्त गर्नुभएको थियो। विपद् व्यवस्थापनमा कुनै पनि भेदभाव नगरी काम हुनुपर्नेमा जोड दिँदै उहाँहरूले प्रभावित क्षेत्रमा विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूले घर बनाइदिने र बालबालिकालाई आश्रय दिने जस्ता आश्वासन दिन थालेकाले संशय उत्पन्न भएको हुँदा निगरानी राख्न सरकारसँग आग्रह गर्नुभयो।

जनप्रतिनिधिहरूले बाढी प्रभावित क्षेत्रमा तत्काल सडक सञ्जाल विस्तार, बेपत्ता व्यक्तिहरूको खोजी, सम्भावित महामारी रोकथाम तथा होल्डिङ सेन्टरमा रहेका नागरिकहरूलाई अस्थायी बसोबासको प्रबन्ध मिलाउन सरकारसँग माग गर्नुभयो। उहाँहरूले बाढी प्रभावित तटीय क्षेत्रलाई हरियाली क्षेत्रका रूपमा विकास गर्दै नजिकैको सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्न र त्यसमा आफूहरू पनि प्रतिबद्ध रहेको बताउनुभयो।

छलफलमा गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, नुवाकोटका प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र नुवाकोटबाटै निर्वाचित अर्का प्रतिनिधिसभासभा सदस्य अच्युतम लामिछाने सहभागी हुनुहुन्थ्यो।

साथै बाग्मती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापामगरका साथै नुवाकोटको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका प्रमुख जगतबहादुर गुरुङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष विरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारी, रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा र आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ सहभागी हुनुहुन्थ्यो।

साथै धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा रहेको छ।रासस

# ऊर्जा संकटबीच अमेरिकामा जी-२० बैठक, इरान युद्ध मुख्य चुनौती




एएफपी । अमेरिकाले सोमबारदेखि जी-२० का विभिन्न बैठकहरू सुरु गरेको छ। अमेरिकाले बैठकमा 'ऊर्जाको प्रचुरता' लाई प्राथमिकताका रूपमा अघि सारे पनि राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानविरुद्धको युद्धले विश्वव्यापी इन्धन बजारमा गम्भीर असर पारिरहेको छ।

बैठकहरू तेल उत्पादनका लागि प्रसिद्ध अमेरिकी राज्य टेक्सासको ह्युस्टनमा बुधबारसम्म सञ्चालन हुनेछन् । विश्वका प्रमुख अर्थतन्त्रका प्रतिनिधिहरू बैठकमा सहभागी हुँदैछन् । चीन, भारत, जापान र जर्मनीलगायत देशका प्रतिनिधि सहभागी हुनेछन् भने क्यानडा र साउदी अरबजस्ता प्रमुख तेल उत्पादक राष्ट्र पनि बैठकमा उपस्थित हुनेछन् ।

रुसी अधिकारीहरूले शनिबार मस्कोले पनि केही अधिकारीलाई बैठकमा पठाउने संकेत गरेका थिए । दुई साताअघि भएको जी-२० को बैठकमा रुसी अर्थमन्त्री एन्टोन सिलुआनोभको अप्रत्याशित उपस्थितिले समेत चर्चा पाएको थियो ।

युक्रेनका युरोपेली सहयोगी राष्ट्रहरूले भने रुसलाई बैठकमा आमन्त्रण गर्ने अमेरिकी निर्णयप्रति असन्तुष्टि जनाएका छन् । युक्रेनमाथिको युद्धका कारण रुसलाई अन्तर्राष्ट्रिय मञ्चबाट अलग राख्ने प्रयास भइरहेका बेला अमेरिकाले मस्कोलाई आमन्त्रण गरेको भन्दै उनीहरूले निराशा व्यक्त गरेका हुन् ।

ह्युस्टनमा जी-२० बैठक भइरहेका बेला मध्यपूर्वमा जारी युद्धका कारण तेल तथा ग्यासको मूल्य बढिरहेको छ । युरोपले जाडोयाम सुरु हुनुअघि आफ्ना ग्यास भण्डारण केन्द्रहरू पर्याप्त रूपमा भर्न संघर्ष गरिरहेको छ । जी-२० को अध्यक्ष राष्ट्रका रूपमा अमेरिकाले सस्तो, भरपर्दो र सुरक्षित ऊर्जामा पहुँच विस्तारलाई आफ्नो प्रमुख प्राथमिकतामध्ये एक बनाएको छ। तर, फेब्रुअरीमा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि विश्वव्यापी ऊर्जा आपूर्तिमा ठूलो असर परेको छ ।

अमेरिकामा इन्धनको मूल्यसमेत तीव्र रूपमा बढेको छ । अमेरिकन अटोमोबाइल एसोसिएसन (एएए) का अनुसार डिजेलको मूल्य प्रतिग्यालन ६.२० अमेरिकी डलर पुगेको छ, जुन अहिलेसम्मकै उच्च हो। नियमित पेट्रोलको मूल्य पनि युद्ध सुरु हुनुअघिको तुलनामा ४४ प्रतिशतले महँगिएको छ।

युद्ध र त्यसबाट उत्पन्न आर्थिक असरका कारण ट्रम्पको रिपब्लिकन पार्टीले आगामी नोभेम्बरमा हुने मध्यावधि निर्वाचनमा पराजयको जोखिम बढेको भन्दै चिन्ता व्यक्त गरिरहेको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले आफूलाई राजनीतिक रूपमा कमजोर बनाउन युद्ध लम्ब्याइरहेको आरोप लगाउँदै आउनुभएको छ । उहाँले हालै निर्वाचनपछि युद्ध 'तत्काल' अन्त्य हुने दाबीसमेत गर्नुभयो।

ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीमाथि रुसी तेल प्रशोधन केन्द्रमा युक्रेनले गरेको आक्रमणका कारण अमेरिकामा डिजेलको अभाव सिर्जना भएको आरोप पनि लगाएका छन् ।

अमेरिकी ऊर्जा सचिव क्रिस राइट र आन्तरिक मामिला सचिव डग बर्गम पनि ह्युस्टनमा हुने जी-२० बैठकमा सहभागी हुने अपेक्षा गरिएको छ । भेनेजुएलासँग सम्बन्धित अमेरिकी ऊर्जा नीतिमा राइटको महत्वपूर्ण भूमिका रहेको बताइएको छ।

# भारतद्वारा एसिया कप ट्रफी लिन अस्वीकार



**टुडे समाचारदाता**

काठमाण्डु । भारतीय महिला क्रिकेट टोलीले एसिया कपको उपाधि जिते पनि पाकिस्तान क्रिकेट बोर्डका अध्यक्ष तथा एसियाली क्रिकेट काउन्सिलका प्रमुख मोहसिन नकवीबाट ट्रफी लिन अस्वीकार गरेको छ । भारतले आइतबार दुबईमा भएको टी-२० फाइनलमा श्रीलङ्कालाई ७२ रनले पराजित गरेपछि ट्रफी वितरण समारोहमा सहभागी नभई गत वर्षको पुरुष टोलीको घटनालाई दोहोर्‍याएको हो ।

भारत र पाकिस्तानबीच लामो समयदेखि कायम राजनीतिक तनावको प्रभाव क्रिकेटमा समेत देखिँदै आएको छ । नकवी पाकिस्तानका गृहमन्त्रीसमेत हुनुहुन्छ । उहाँले नै एसियाली क्रिकेट काउन्सिलको प्रमुखका रूपमा भारतलाई ट्रफी हस्तान्तरण गर्ने कार्यक्रम तय भएको थियो ।

भारतीय महिला टोलीका प्रशिक्षक अमोल मुजुमदारले ट्रफी नलिने निर्णय भारतीय क्रिकेट बोर्ड (बिसिसिआई) ले गरेको बताउनुभयो ।

"यो कदम बिसिसिआईले लिएको हो र हामी यसको पक्षमा छौं", उहाँले पत्रकारहरूसँग भन्नुभयो, "हामी च्याम्पियन हौं, यो पर्याप्त छ।"

आइतबारको ट्रफी वितरण समारोह करिब ५० मिनेट ढिलो सुरु भएको थियो । नकवीले उपविजेता श्रीलङ्काका खेलाडीलाई पदक वितरण गरेपछि समारोह अचानक समाप्त भएको थियो। भारतीय खेलाडीलाई पदक प्रदान गर्ने क्रममा बिसिसिआईका सचिव देवजित साइकिया र उपाध्यक्ष राजीव शुक्ला मैदानमा उपस्थित हुनुहुन्थ्यो ।

गत वर्षको पुरुष एसिया कपको फाइनलमा पाकिस्तानलाई पराजित गरेको भारतले पनि नकवीबाट ट्रफी लिन अस्वीकार गरेको थियो । यसपटक महिला टोलीले पनि त्यही निर्णय दोहोर्‍याएको हो । आणविक शक्ति सम्पन्न भारत र पाकिस्तानबीचको लामो समयदेखिको तनावका कारण दुवै देशबीचको क्रिकेट सम्बन्धसमेत प्रभावित हुँदै आएको छ।

# इरान र खाडी राष्ट्रबीच ओमानमा हुने बैठक स्थगित



एएफपी । इरान र खाडी राष्ट्रका प्रतिनिधिबीच ओमानको सलालाहमा सोमबार हुने भनिएको क्षेत्रीय बैठक स्थगित भएको छ । ओमानका विदेशमन्त्री सैयद बद्र बिन हमद अल बुसाइदीले आइतबार सामाजिक सञ्जालमार्फत बैठक स्थगित गरिएको जानकारी दिनुभएको हो ।

उहाँले क्षेत्रीय सहमतिलाई प्राथमिकता दिँदै सोमबार सलालाहमा आयोजना गर्ने तयारी गरिएको बैठक स्थगित गरिएको बताउनुभएको छ। ओमानले क्षेत्रीय स्थायित्व र दीर्घकालीन सहकार्यलाई सहयोग पुर्‍याउने संवादलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ । इरानको विदेश मन्त्रालयअन्तर्गत फारसको खाडीसम्बन्धी महानिर्देशक मोहम्मद अली बाकले पनि बैठक स्थगित भएको पुष्टि गर्नुभएको छ।

उहाँले इरानको सरकारी समाचार संस्था इरना दिएको अन्तर्वार्तामा केही क्षेत्रीय राष्ट्रको आग्रहपछि बैठक अर्को मितिका लागि सारिएको जानकारी दिनुभएको छ । उहाँका अनुसार बैठक स्थगित गर्ने निर्णय इरान र ओमानबीचको संयुक्त सहमतिमा गरिएको हो।

उहाँले बैठक आयोजना गर्न उपयुक्त समय तय गर्ने विषयमा ओमानसँग इरानले निरन्तर परामर्श गरिरहेको बताउनुभएको छ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले शुक्रबार खाडी क्षेत्रका राष्ट्रका विदेशमन्त्रीहरू सोमबार ओमानमा भेला हुने कार्यक्रम रहेको जानकारी दिनुभएको थियो । बैठकमा क्षेत्रीय विषयमा विचार आदानप्रदान गर्ने तयारी गरिएको थियो।

बैठकमा विशेषगरी होर्मुज जलडमरूमध्यमा सुरक्षित समुद्री मार्ग निर्धारण गर्ने विषयमा इरान र ओमानबीच भइरहेको छलफलका बारेमा समेत विचारविमर्श गर्ने तयारी थियो।

# भारतमा समान नागरिक संहिता विस्तार गर्ने तयारी



एएफपी । भारत सरकारले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको गठबन्धन सरकार रहेका सबै राज्यमा समान नागरिक संहिता (युसीसी) लागू गर्ने तयारी अघि बढाएको छ । गृहमन्त्री अमित शाहले सन् २०२९ सम्ममा भाजपाको नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) शासित सबै २१ राज्यमा युसीसी लागू गर्ने लक्ष्य रहेको बताउनुभयो।

भारतका एक अर्ब ४० करोडभन्दा बढी नागरिक एउटै फौजदारी कानूनअन्तर्गत रहे पनि विवाह, सम्बन्धविच्छेद र उत्तराधिकार जस्ता व्यक्तिगत विषयमा धर्म तथा समुदायअनुसार फरक-फरक नियम लागू हुँदै आएका छन् । ती विविध व्यक्तिगत कानूनलाई एउटै व्यवस्थाले प्रतिस्थापन गर्नु प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको भाजपाको लामो समयदेखिको प्रमुख लक्ष्य हो।

गृहमन्त्री शाहले आइतबार धेरै राज्यमा युसीसी लागू गर्न थालिएको उल्लेख गर्दै सन् २०२९ सम्म एनडीए शासित सबै राज्यमा यसलाई विस्तार गर्ने विश्वास व्यक्त गर्नुभएको हो। हालसम्म कम्तीमा चार राज्यले युसीसी लागू गरिसकेका छन्।

युसीसी लागू गर्ने अभियानले विशेषगरी मुस्लिम समुदायमा चिन्ता बढाएको छ। मुस्लिम नागरिकहरूले यसले आफ्नो धार्मिक स्वतन्त्रता र परम्परागत व्यक्तिगत कानूनमा हस्तक्षेप गर्न सक्ने आशङ्का व्यक्त गर्दै आएका छन्।

तर युसीसीका समर्थकहरूले यसले सबै नागरिकलाई समान अधिकार सुनिश्चित गर्ने दाबी गरेका छन् । उनीहरूका अनुसार यसबाट मुस्लिम महिलामाथि हुने बहुविवाहको अन्त्य हुनुका साथै छोरा र छोरीलाई समान सम्पत्ति अधिकार प्राप्त हुनेछ । सम्बन्धविच्छेदका प्रक्रियासमेत नागरिक अदालतबाट सञ्चालन हुने व्यवस्था गरिने उनीहरूको भनाइ छ।

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको भारतमा बहुसङ्ख्यक हिन्दू समुदायको बसोबास छ । यहाँ करिब २२ करोड मुस्लिम नागरिक रहेका छन् । यो विश्वमै तेस्रो ठूलो मुस्लिम जनसङ्ख्या हो।

प्रधानमन्त्री मोदीले सन् २०२४ मा लगातार तेस्रो कार्यकालका लागि चुनाव जित्नुभएको थियो। तर भाजपाले स्पष्ट बहुमत नल्याएपछि गठबन्धन सरकार गठन भएको थियो । भारतमा अर्को राष्ट्रिय निर्वाचन सन् २०२९ मा हुँदैछ।

# अस्ट्रेलियामा दोस्रो एनभिएए वार्षिक भलिबल अवार्ड नाइट हुँदै




**टुडे समाचारदाता**

सिड्नी । नेपाल भलिबल संघ अष्ट्रेलिया (एनभिएए) को आयोजनामा दोस्रो संस्करणको एनभिएए वार्षिक भलिबल अवार्ड नाइट २०२६ असोज पहिलो साता आयोजना हुने भएको छ।

अष्ट्रेलियामा रहेका नेपाली भलिबल समुदाय–खेलाडी, क्लब, प्रशिक्षक, पदाधिकारी तथा भलिबलप्रेमी–को योगदानलाई सम्मान गर्ने उद्देश्यले आयोजना गर्न लागिएको अवार्ड नाइट असोज १० गते शनिबार (२६ सेप्टेम्बर २०२६) रकडेलस्थित रेड रोज फङ्सन सेन्टरमा हुनेछ।

एनभिएएका अनुसार २०२६-२०२७ सिजनमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी, क्लब तथा भलिबल क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति र संस्थालाई विभिन्न विधामा सम्मान तथा पुरस्कृत गरिनेछ। नेपाली भलिबलको विकास, प्रवर्द्धन र विस्तारमा योगदान पुर्‍याउने व्यक्तित्वलाई समेत कार्यक्रममा कदर गरिनेछ।

यसपटक विभिन्न विधामा अवार्ड प्रदान गरिने एनभिएएले जनाएको छ। व्यक्तिगत खेलाडीअन्तर्गत सर्वोत्कृष्ट खेलाडी, पिपुल्स च्वाइस अवार्ड, उदियमान वर्ष खेलाडी, वर्ष उत्कृष्ट अनक्याप्ड खेलाडी, उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, ब्लकर र लिबेरो विधा रहेका छन्। यी विधाका अवार्ड महिला र पुरुष दुवैतर्फ प्रदान गरिनेछन् ।

त्यस्तै, टिम तथा प्रतियोगितातर्फ वर्ष उत्कृष्ट क्लब, उत्कृष्ट भलिबल प्रतियोगिता आयोजक संस्था र वर्ष उत्कृष्ट प्रशिक्षकलाई सम्मान गरिनेछ। सामुदायिक योगदानतर्फ नेपाली भलिबलमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तित्वलाई सम्मान गरिनेछ भने पत्रकारलाई समेत मायाको चिनो प्रदान गरिने आयोजकले जनाएको छ।

यस संस्करणमा पिपुल्स च्वाइस अवार्ड, उदियमान वर्ष खेलाडी र वर्ष उत्कृष्ट अनक्याप्ड खेलाडी गरी तीन नयाँ विधा थपिएका छन् । हरेक विधामा मनोनयन गरिनेछ। पिपुल्स च्वाइस अवार्डका लागि कार्यक्रम हुनुभन्दा करिब एक साताअघि मनोनयन सार्वजनिक गर्ने तयारी भइरहेको एनभिएएले जनाएको छ। गत वर्ष सर्वोत्कृष्ट खेलाडी, पुरुषतर्फ उत्कृष्ट स्पाइकर, सेटर, ब्लकर, सर्भर र लिबेरो तथा महिलातर्फ स्पाइकर, सेटर र सर्भरलाई अवार्ड प्रदान गरिएको थियो। यस्तै, वर्ष उत्कृष्ट प्रशिक्षक र उत्कृष्ट टिम व्यवस्थापकसँगै दुई खेलकुद पत्रकारलाई पनि सम्मान गरिएको थियो।

यसपटकको अवार्ड नाइटमा सांस्कृतिक प्रस्तुति, मनोरञ्जन तथा रात्रिभोजको समेत आयोजना गरिनेछ । "सँगसँगै हामी अझ सशक्त भलिबल समुदाय निर्माण गर्छौं" भन्ने नारासहित आयोजना हुन लागेको वार्षिक अवार्ड नाइट नेपाली भलिबल समुदायका लागि उपलब्धि, सम्मान र एकताको विशेष अवसर बन्ने अपेक्षा आयोजकले गरेको छ।

अष्ट्रेलियाको सिड्नीमा मात्रै वर्षमा पुरुषतर्फ आठ र महिलातर्फ पाँचभन्दा बढी भलिबल प्रतियोगिता आयोजना हुँदै आएका छन् । एनभिएअन्तर्गत न्यु साउथ वेल्स (एनएसडब्लु) मा १२ भन्दा बढी क्लब दर्ता छन्। ती क्लबमा खुला पुरुष, भेट्रान्स र महिला टोली सहभागी हुँदै आएका छन्।

एनभिएएले प्रत्येक टोलीमा ३५ वर्षमुनिका एक जना मात्र राष्ट्रिय खेलाडी राख्न पाउने प्रावधान बनाएको छ । यही प्रावधानका कारण अधिकांश टोलीले एक जना राष्ट्रिय खेलाडीलाई आफ्नो टोलीमा समावेश गरेका छन्।

अष्ट्रेलियामा राष्ट्रिय टोलीका पूर्वकप्तान इमबहादुर रानासँगै मानबहादुर श्रेष्ठ, रविन चन्द ठकुरी, टेकराज अवस्थी, विशालबहादुर विक, लोकेन्द्रराज गिरी, हेमन्तबहादुर मल्ल, सम्राट भण्डारी, राजु शेरचन, राजेन्द्र विष्ट, दिलबहादुर सुनार, सरन सामरी क्षेत्री, दुर्गाबहादुर खड्का, सफल विश्वकर्मा, दुर्गा महतो, ईश्वर थापामगर र विजय थापालगायत खेलाडी रहेका छन् । यस्तै, धनपति कुँवर, रमेश विक र मदन साउदजस्ता घरेलु भलिबलका चर्चित खेलाडी पनि अष्ट्रेलियामा छन्।

महिलातर्फ अरुणा शाही, प्रतिभा माली, सरस्वती चौधरी, पुनम चन्द, कविता भट्ट, साफिया पुन मगर र मनिषा चौधरी अष्ट्रेलियामा रहेका छन्।

एनभिएएले आयोजना गरेको पहिलो संस्करणमा महिलातर्फ प्रतिभा माली र पुरुषतर्फ राजेन्द्र विष्टले वर्षको सर्वोत्कृष्ट खेलाडीको अवार्ड जितेका थिए। व्यक्तिगत विधातर्फ सरस्वती चौधरी, मिया पुन र सन्जु पुर्जाले पनि अवार्ड हात पारेका थिए।

पुरुषतर्फ दिलबहादुर सुनार, खेम पुर्जा, अर्जुन अधिकारी, विजय आचार्य, सरोज घर्तीमगर र डोरबहादुर रानाले विभिन्न व्यक्तिगत विधामा अवार्ड जितेका थिए।

# आयरल्यान्डबाट आयात हुने मदिरामा लगाइएको १० प्रतिशत कर हटाउने ट्रम्पको घोषणा



एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आयरल्यान्डबाट संयुक्त राज्य अमेरिकामा आयात हुने मदिरामा लगाइएको १० प्रतिशत कर हटाउने घोषणा गर्नुभएको छ।

राष्ट्रपति ट्रम्पले आयरल्यान्डमा आयोजित गल्फ प्रतियोगिताको समापन समारोहमा पुरस्कार वितरणका क्रममा आइतबार यस्तो घोषणा गर्नुभएको हो।

उहाँले आयरल्यान्डको मदिरामा लगाइएको कर हटाउन आफूलाई विभिन्न व्यक्तिले आग्रह गर्दै आएको बताउनुभएको छ।

आयरल्यान्डका प्रधानमन्त्री माइकल मार्टिनले समेत यस विषयमा आफूलाई आग्रह गर्नुभएको ट्रम्पले उल्लेख गर्नुभएको छ । प्रतियोगितामा सहभागी केही गल्फ खेलाडीले पनि कर हटाउन आग्रह गरेको उहाँले बताउनुभएको छ।

आयरल्यान्ड खुला गल्फ प्रतियोगिताका विजेता शेन लोरी पनि यस विषयमा आग्रह गर्ने व्यक्तिमध्ये रहेको ट्रम्पले जानकारी दिनुभएको छ।

धेरै व्यक्तिबाट लगातार आग्रह आएपछि आफूले आयरल्यान्डबाट आयात हुने मदिरामा लगाइएको कर हटाउने निर्णय गरेको ट्रम्पले बताउनुभएको छ।

उहाँले संयुक्त राज्य अमेरिकाको तर्फबाट आयरल्यान्डको मदिरामा लगाइएको १० प्रतिशत कर हटाउने घोषणा गर्नुभएको हो।

ट्रम्प प्रशासनले पछिल्लो समय विभिन्न मुलुकबाट संयुक्त राज्य अमेरिकामा आयात हुने वस्तुमा अतिरिक्त कर लगाउने नीति अघि बढाउँदै आएको छ।

यस्तो कर नीतिले विभिन्न देशसँगको व्यापारिक सम्बन्धमा प्रभाव पार्नुका साथै आयात हुने वस्तुको मूल्यमा समेत असर पार्ने गरेको छ । आयरल्यान्डबाट संयुक्त राज्य अमेरिकामा मदिरासहित विभिन्न वस्तु निर्यात हुँदै आएका छन्।

त्यसैले आयरल्यान्डबाट आयात हुने मदिरामा १० प्रतिशत कर हटाउने निर्णयले दुई देशबीचको व्यापारलाई केही सहज बनाउन सक्ने अपेक्षा गरिएको छ । यस निर्णयबाट अमेरिकी बजारमा आयरिस मदिराको मूल्यमा समेत कमी आउन सक्ने सम्भावना रहेको छ।

आयरल्यान्डका उत्पादक तथा निर्यातकर्ताका लागि पनि अमेरिकी बजारमा आफ्नो उत्पादन पुर्‍याउन थप सहज वातावरण बन्न सक्ने अपेक्षा गरिएको छ । राष्ट्रपति ट्रम्पको पछिल्लो घोषणाले आयरल्यान्ड र संयुक्त राज्य अमेरिकाबीचको व्यापारिक सम्बन्धमा सकारात्मक सन्देश जाने अपेक्षा गरिएको छ । यद्यपि, कर हटाउने निर्णय कार्यान्वयन गर्ने प्रक्रिया र यसको प्रभावबारे थप विवरण सम्बन्धित निकायबाट स्पष्ट हुन बाँकी रहेको छ।

# हुथीको नयाँ कदमले लाल सागरको सुरक्षा चिन्ता बढायो

एएफपी । यमनका इरान-समर्थित हुथी विद्रोहीले दक्षिणीलालसागरकाथपरणनीतिक टापुहरू कब्जा गरेका छन्। सरकारी र हुथी अधिकारीका अनुसार सोमबार भएको यो कदमले महत्वपूर्ण समुद्री जलमार्गमा विद्रोहीको नियन्त्रण थप बलियो बनाएको छ।

हुथीहरूले 'ग्रेटर हानिश' र 'लेसर हानिश' टापुमा नियन्त्रण कायम गरेका हुन् । यो घटनाक्रम साउदी अरबको समर्थन प्राप्त यमनी सरकारी सेनाले 'बाब अल-मान्देब जलसन्धि' आसपास हुथीहरूको तीव्र अग्रगमन रोक्न जवाफी कारबाहीको प्रयास गरिरहेका बेला भएको हो।

विश्व व्यापार र तेल ढुवानीका लागि महत्वपूर्ण मानिने बाब अल-मान्देब जलसन्धि लाल सागर एडेनको खाडी र हिन्द महासागरसँग जोड्ने प्रमुख समुद्री मार्ग हो।

सरकारी दुई अधिकारी र एक हुथी अधिकारीका अनुसार, सरकारी गठबन्धनका सयौं सैनिक उक्त द्वीपसमूहबाट पछि हटेपछि हुथी लडाकु बाब अल-मान्देबबाट करिब १६० किलोमिटर उत्तरमा रहेका हानिश टापुमा तैनाथ भएका हुन् । पत्रकारसँग कुरा गर्ने अनुमति नभएकाले उनीहरूले नाम सार्वजनिक नगर्ने सर्तमा जानकारी दिएका थिए।

हुथीहरूले गत साता नजिकैको मुख्य भूमिमा रहेको बन्दरगाह सहर मोखा र बाब अल-मान्देबभित्र पर्ने मायुन टापु कब्जा गरेका थिए । पछिल्लो अग्रगमनसँगै उनीहरू जलसन्धिको अर्को किनारमा रहेको जिबुटीस्थित अमेरिकी सैन्य आधारबाट करिब ३२ किलोमिटरको दूरीमा पुगेका छन्।

हुथीहरूको पछिल्लो सफलताले उनीहरूलाई लाल सागर हुँदै हुने साउदी तेल ढुवानीमा थप दबाब सिर्जना गर्ने क्षमता दिएको छ । यस क्षेत्रको तनाव बढ्दा विश्वव्यापी तेल आपूर्ति र मूल्यमा समेत असर पर्न सक्ने चिन्ता बढेको छ।

सरकारी सेनाले सुरुमा खासै प्रतिरोध नगरी पछाडि हटे पनि सप्ताहन्तमा पुनः सङ्गठित हुने प्रयास गरेको थियो। यमनी सेनाले आइतबार अबेर जलसन्धिको उत्तरमा रहेको रणनीतिक सहर धुबाबतर्फ सरकारी सेना अघि बढिरहेको जनाएको छ।

तीन वर्षदेखि तुलनात्मक रूपमा कायम रहेको युद्धविरामपछि यमनमा पुनः बढेको लडाइँले देशलाई पूर्णस्तरीय गृहयुद्धतर्फ फर्काउने जोखिम बढाएको छ।

# एसिसी प्रिमियर कप विजेता नेपाली टोली स्वदेश फिर्ता

काठमाण्डु । 'एसिसी प्रिमियर कप २०२६'को उपाधि विजेता नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली स्वदेश फिर्ता भएको छ। उक्त टोली आइतबार अबेर काठमाडौं आइपुगेको हो।

स्वदेश फर्किएको नेपाली टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान)का सचिव पारस खड्का, उपाध्यक्ष रोशनकुमार सिंहलगायत पदाधिकारीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभएको थियो । सो अवसरमा सचिव खड्काले टोलीलाई उपाधिका लागि बधाई दिँदै आगामी प्रतियोगिताका लागि शुभकामना दिनुभयो।

शनिबार सम्पन्न फाइनल खेलमा नेपालले युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले पराजित गर्दै एसिसी प्रिमियर कपको उपाधि दोस्रोपटक जितेको थियो। उपाधिसँगै नेपालले आगामी वर्ष बङ्गलादेशमा आयोजना हुने एसिया कपमा स्थान सुरक्षित गरेको छ।

नेपालले दोस्रोपटक एसिया कप खेल्ने अवसर प्राप्त गरेको हो। रासस

# कन्काइ पुल अलपत्र पार्नेलाई जरिवाना



झापा । सरकारले हुलाकी राजमार्गअन्तर्गत झापा गाउँपालिका-२ र गौरीगञ्ज गाउँपालिका-१ लाई जोड्ने कन्काइ पुल १४ वर्षसम्म अलपत्र पार्ने पप्पु महादेव खिम्ती संयुक्त उपक्रम (जेभी) कम्पनीलाई जरिवाना तिराउने भएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय इटहरी आयोजनाले सार्वजनिक खरिद ऐनअनुसार जेभीलाई रु एक अर्ब ९९ करोड १२ लाख ५८ हजार ७७५ राजस्व खातामा दाखिला गर्न ३५ दिने सार्वजनिक सूचना जारी गरेको छ ।

सूचनामा तोकिएको समय सीमाभित्र रकम नबुझाएमा निर्माण कम्पनीको जायजेथाबाट सरकारी बाँकी सरह असुलउपर गरिने जनाइएको छ । कार्यालय प्रमुख युवराज पोखरेलले पहिलोपटक निर्माण कम्पनीले पुल निर्माणका लागि धरौटीवापत राखेको रु एक करोड ७१ लाख बैंक जमानत जफत गरी राजस्व खातामा सङ्कलन गरिसकेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हामीले कालो सूचीमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेर तीन वर्षको लागि कालो सूचीमा राखिसकेका छौं ।" प्रमुख पोखरेलले सार्वजनिक खरिद अनुगमन कार्यालयको सिफारिसमा कम्पनीलाई तीन वर्षका लागि कालो सूचीमा राखिसकिएको उहाँले बताउनुभयो । विसं २०६८ जेठ ३१ गते ७२३ मिटर लामो कन्काइ पुल निर्माणका लागि रु ३४ करोड नौ लाखमा विसं २०७२ जेठ ३० मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । तर आयोजनाले पाँच पटक म्याद थप गर्दासमेत ५६ प्रतिशत मात्र काम भएपछि गत वर्ष मङ्सिरमा जेभीसँग ठेक्का तोड्ने निर्णय गरेको थियो ।

प्रमुख पोखरेलले सार्वजनिक खरिद ऐनअनुसार अधुरो काम सम्पन्न गर्न लाग्ने थप लागत, पुराना शर्त र हालको लागतबीचको भिन्नता तथा विभिन्न जरिवाना जोडेर उक्त मूल्याङ्कन रकम निकालिएको आयोजना जानकारी दिनुभयो । उहाँले सडक विभाग अन्तर्गतका अन्य कार्यालयबाट निर्माण व्यवसायीले पाउने भुक्तानीसमेत रोक्का राख्न पत्राचार गरिएको छ । तोकिएको अवधिमा रकम जम्मा नभएमा लगत कसेर तहसिल कार्यालयमार्फत असुलउपरको प्रक्रिया अघि बढाइने बताउनुभयो ।

डेढ दशकदेखि पुल नबन्दा स्थानीयले निकै सास्ती भोग्नुपरेको छ भने वर्खाको समयमा जोखिमपूर्ण डुङ्गा यात्रा र हिउँदमा पैसा तिरेर बाँसको अस्थायी पुलबाट वारपार गर्नुपर्ने बाध्यता झेल्न परेको छ । रासस

# लोप हुँदै भटमासखेती



तेह्रथुम । कुनै समय तेह्रथुमका गाउँबस्तीमा प्रमुख दलहन बालीका रूपमा खेती गरिँदै आएको भटमास पछिल्लो समय लोप हुने अवस्थामा पुगेको छ । जिल्लाको म्याङलुङ आसपासका क्षेत्रमा एक दशकअघिसम्म बारीभरि देखिने भटमासका बोट अहिले फाट्टफुट्ट मात्र देखिएको छ ।

प्रशस्त प्रोटिन पाइने भटमास स्थानीय समुदायको खानपानसँगै कृषि संस्कृतिसँग पनि जोडिएको बाली हो । भटमासको हरियो कोशा उसिनेर खाने, तरकारीका रूपमा प्रयोग गर्ने, पाकेपछि भुटेर खाने तथा परम्परागत रूपमा किनिमा बनाएर प्रयोग गर्ने प्रचलन छ । भटमासबाट तेलसमेत उत्पादन गरिन्छ ।

सदरमुकाम म्याङलुङ बजार आसपासका सुक्खा, पानी नजम्ने तथा दोमट माटो भएका क्षेत्र भटमासखेतीका लागि उपयुक्त मानिन्थे । म्याङलुङ, तम्फुलालगायत क्षेत्रमा विगतमा भटमास प्रमुख बालीका रूपमा खेती हुने गरेको स्थानीय बताउँछन् । करिब एक दशकअघिसम्म यस क्षेत्रका बारीमा मुरीका मुरी भटमास उत्पादन हुने गरेकामा अहिले उत्पादन घटेको सिमिति स्थानीयको भनाई छ ।

म्याङलुङ नगरपालिका-२ मेयङलुङ गाउँका मनी खापुङका अनुसार पछिल्लो समय रासायनिक मलको प्रयोग बढ्दै जानु तथा खेती प्रणालीमा आएको परिवर्तनका कारण भटमासलगायत रैथाने बाली हराउँदै गएका हुन् । "पहिले हाम्रो बारीमा भटमाससँगै अन्य रैथाने बाली पनि प्रशस्त हुन्थे", उहाँले भन्नुभयो, "अहिले खेती गर्ने तरिका परिवर्तन भएको छ, रासायनिक मलको प्रयोग बढेसँगै पुराना बालीको उत्पादन पनि घट्दै गएको छ ।"

भटमाससँगै विगतमा उत्पादन हुने रैथाने जातका सिमी, विभिन्न दाल तथा कोदोको खेतीसमेत घट्दै गएको स्थानीयको भनाइ छ । म्याङलुङ नगरपालिका-२ कै देवीमाया राईले रैथाने बाली हराउँदै जाँदा स्थानीय उत्पादनसँगै परम्परागत खानपानमा असर परेको बताउनुभयो । "हाम्रा बाउबाजेले लगाउँदै आएका धेरै बाली अहिले खेतबारीमा देखिन छाडेका छन्", उहाँले भन्नुभयो, "बाली मात्र हराएको होइन, त्यससँग जोडिएको खानपान र परम्परा विस्तारै हराउँदै गएको छ ।"

म्याङलुङमा मात्र नभई जिल्लाका तम्फुला र बिस्कुनेलगायत क्षेत्रमा भटमास खेती घट्दै गएको छ । विगतमा यही समयमा हरियो कोसा लागेका भटमासका बोटले बारी ढाक्ने गरे पनि अहिले ती क्षेत्रमा भटमासका बोटसमेत देख्न मुस्किल हुने स्थानीय बताउँछन् । म्याङलुङ नगरपालिका-१० बिस्कुनेका किसान प्रेम पताङ्वाका अनुसार कहीँकतै फाट्टफुट्ट भटमासका बोट देखिए पनि विगतको तुलनामा उत्पादन निकै कम भएको छ । अहिले बारीमा भटमासको स्थान मकैले लिएको उहाँले बताउनुभयो ।

कृषि ज्ञान केन्द्र तेह्रथुमका प्रमुख विशाल राईले रासायनिक मलको प्रयोग हुने क्षेत्रमा भटमासको उत्पादनमा कमी आएको बताउनुभयो । माटोको अवस्था, खेती प्रणालीमा आएको परिवर्तन र रासायनिक मलको बढ्दो प्रयोगलगायत कारणले रैथाने बालीको उत्पादन प्रभावित भएको हुनसक्ने उहाँको भनाइ छ ।

भटमासलाई दलहनसँगै तेलहन बालीका रूपमा लिइन्छ । पोषणका दृष्टिले महत्त्वपूर्ण मानिने यसमा प्रशस्त प्रोटिन पाइन्छ । हरियो कोशा, पाकेको दाना, किनिमा तथा तेलका रूपमा प्रयोग गर्न सकिने भएकाले यसको उपयोगिता बहुआयामिक छ ।

एक दशक अघिसम्म भटमास उत्पादनको केन्द्रका रूपमा रहेका म्याङलुङ आसपासका क्षेत्रमा अहिले स्थानीय बजारमा तराईबाट ल्याइएको भटमास खरिद गर्नुपर्ने अवस्था आएको छ । स्थानीय उत्पादन घट्दै गएपछि उपभोगका लागि बाह्य क्षेत्रबाट भटमास ल्याउनुपर्ने अवस्था आएको स्थानीयको भनाइ छ ।

रैथाने बाली कृषि उपज मात्र नभई स्थानीय समुदायको संस्कृति, खानपान, परम्परा र पहिचानसँग समेत जोडिएका हुन्छन् । यस्ता बालीको खेती र प्रयोग घट्दै जाँदा त्यससँग सम्बन्धित स्थानीय ज्ञान, सीप तथा परम्परागत खाद्य संस्कृतिसमेत प्रभावित हुने कृषि क्षेत्रका जानकार बताउँछन् ।

भटमास जस्ता लोपोन्मुख रैथाने बालीको संरक्षण गर्न स्थानीय जातको संरक्षण, उत्पादनमा किसानलाई प्रोत्साहन तथा परम्परागत ज्ञान र प्रयोगको प्रवर्द्धनमा ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ । रासस

# बाढीपीडितलाई सहयोग गर्ने सन्देशसहित सांस्कृतिक कार्यक्रम

काठमाण्डु । यस वर्षको 'फेसियल हाउस प्रिजेन्ट्स सेलिब्रेसन सांस्कृतिक कार्यक्रम २०८३' लाई सामाजिक उत्तरदायित्वसँग जोडिएको छ ।

भोटेकोशी बाढी तथा त्यसबाट प्रभावित नागरिकलाई सहयोग गर्ने उद्देश्यले सामाजिक उत्तरदायित्वसँग जोडिएको आयोजकले बताएका छन् ।

फेसियल हाउसले 'फेसियल हाउस प्रिजेन्ट्स सेलिब्रेसन सांस्कृतिक कार्यक्रम २०८३' नाम दिएर आयोजना गरिएको सो कार्यक्रममा सांस्कृतिक प्रस्तुतिसँगै 'ब्राइडल मेकअप कम्पिटिसन' समेत आयोजना गरिएको थियो ।

'चाडपर्व पनि मनाऔँ, बाढीपीडितलाई पनि सहयोग गरौँ' भन्ने नारासहित शनिबार काठमाडौँमा आयोजना गरिएको सो प्रदर्शनीमा सङ्कलन गरिएको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने आयोजकले बताएका छन् ।

कार्यक्रममा फेसियल हाउसकी संस्थापक तथा प्रबन्ध निर्देशक सुष्मा महराले चाडपर्वलाई सामाजिक सेवासँग जोडेर अघि बढाउनुपर्ने बताउनुभयो ।

संस्कृति पनि जोगिन्छ, आफन्त र साथीभाइसँग भेटघाट पनि हुन्छ । त्यससँगै विपद्मा परेका नागरिकलाई सहयोग गर्न पनि सकिन्छ । त्यसैले यस वर्षको कार्यक्रमलाई बाढीपीडितलाई सहयोग गर्ने अभियानसँग जोडेर आयोजना गरेका हौँ," महराले भन्नुभयो ।

यस वर्ष आयोजित ब्राइडल मेकअप प्रतियोगितामा २५ जना प्रतिस्पर्धी सहभागी भएका थिए । प्रतियोगितामा विभिन्न सात विधामा उत्कृष्ट हुने प्रतिस्पर्धीलाई सम्मान गरिएको थियो ।

प्रतियोगितामा सुनिता राई विजेता बनिन् । अस्लिना गुरुङ फर्स्ट रनरअप र उर्मिला तामाङ सेकेन्ड रनरअप घोषित हुनुभयो ।

त्यस्तै, जुनु श्रेष्ठ बेस्ट पर्फमर, मुना राई बेस्ट र्याम्प वाक, सुनिता लामा बेस्ट ट्रेडिसनल अटायर प्रेजेन्टेसन तथा सरु गुरुङ स्टाइल आइकन अफ द इभेन्ट घोषित भइन् । विजेताहरूलाई क्राउनसमेत लगाइएको थियो ।

प्रतियोगितासँगै कार्यक्रममा विभिन्न सांस्कृतिक प्रस्तुति, नाचगान तथा मनोरञ्जनात्मक कार्यक्रमसमेत आयोजना गरिएको थियो । फेसियल हाउसले स्थापनाकालदेखि नै हरेक वर्ष विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गर्दै आएको छ ।रासस

# ट्राफिक कारबाहीबाट मकवानपुरमा रु एक करोड ७२ लाख बढी राजस्व




हेटौँडा । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने १८ हजार १९२ सवारी चालकबाट रु एक करोड ७२ लाख ५४ हजार ५०४ राजस्व सङ्कलन गरेको छ ।

उक्त कार्यालयका प्रमुख रमेश विष्टले सो अवधिमा साउनदेखि पुससम्म सात हजार ३९० र माघदेखि असारसम्म १० हजार ८०२ सवारी चालकलाई कारबाही गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार कारबाहीको सङ्ख्या बढे पनि जिल्लामा सवारी दुर्घटनामा अपेक्षित कमी आउन सकेको छैन । आर्थिक वर्ष २०८२/८३ मा मकवानपुरमा ४१४ सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा ६४ जनाको मृत्यु भएको थियो भने ११४ जना गम्भीर र ७११ जना सामान्य घाइते भएका छन् ।

पहिलो छ महिनामा १९७ र पछिल्लो छ महिनामा २१७ सवारी दुर्घटना भएका थिए । पहिलो छ महिनामा ३५ र पछिल्लो छ महिनामा २९ जनाको मृत्यु भएको कार्यालयको तथ्याङ्क छ ।

प्रमुख विष्टले कारबाही मात्रै गरेर सवारी दुर्घटना नियन्त्रण गर्न नसकिने भन्दै चालक तथा सडक प्रयोगकर्तामा ट्राफिक नियमप्रतिको चेतना र जिम्मेवारी आवश्यक रहेको बताउनुभयो । "कारबाही मात्रै गरेर हुँदैन, चेतना पनि हुनुपर्‍यो", उहाँले भन्नुभयो, "दुर्घटना घट्नुपर्ने हो तर घटेको छैन । चालकको लापरबाही पनि दुर्घटनाको प्रमुख कारण हो ।रासस

# सुदूरपश्चिममा छवटा शीतभण्डार निर्माण सम्पन्न



कञ्चनपुर । सुदूरपश्चिम प्रदेशका आठ जिल्लामा कृषि उपज भण्डारणका लागि छवटा शीतभण्डार (कोल्ड स्टोर) निर्माण सम्पन्न भएको छ । यस्तै, सातवटा निर्माणाधीन छन् ।

कृषि विकास निर्देशनालय दिपायलको तथ्याङ्कअनुसार सुदूरपश्चिमका अछाम र बाजुरामा २० मेट्रिक टन क्षमता कोल्ड स्टोर निर्माण सम्पन्न भइसकेको छ । यस्तै, दार्चुला, बैतडी र डडेल्धुरामा कोल्ड स्टोर निर्माणकार्य जारी छ ।

त्यसैगरी, डोटीको राजपुर र जोरायलमा आलु तथा तरकारी भण्डारणका लागि २० मेट्रिक टन क्षमताका दुईवटा कोल्ड स्टोर निर्माणाधीन अवस्थामा रहेको छ । कञ्चनपुरको पुनर्वास नगरपालिकामा ३० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणाधीन अवस्थामा रहेको छ भने दोधार चाँदनी नगरपालिकामा ३० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माण सम्पन्न भइसकेको छ ।

कैलालीको भजनी र चुरेमा २० मेट्रिक टन क्षमताका एक-एकवटा कोल्ड स्टोर निर्माणाधीन छन् । यस्तै, लम्कीचुहामा ३० मेट्रिक टन र गोदावरीमा सबैभन्दा बढी ३५० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माण सम्पन्न भएको कृषि विकास निर्देशनालय दिपायलले जनाएको छ ।

तेह्रवटा कोल्ड स्टोर निमार्णका लागि प्रदेश सरकारले रु आठ करोड १५ लाख ९१ हजार लागत अनुमान गरेकामा रु छ करोड ६२ लाख नौ हजारमा ठेक्का सम्झौता भएको थियो ।

हालसम्म रु चार करोड तीन लाख ८३ हजार खर्च भइसकेको छ ।

तेह्रवटा कोल्ड स्टोरमध्ये छवटा निर्माण सम्पन्न भएका छन् भने सातवटा निर्माणाधीन अवस्थामा रहेको निर्देशनालयका कृषि प्रसार अधिकृत केशवराज पाण्डेयले जानकारी दिनुभयो । "आलु तथा तरकारी भण्डारणका लागि निर्माण गरिएका कोल्ड स्टोरमा प्रि-कुलिङ च्याम्बरसमेत राखिएको छ", उहाँले भन्नुभयो, "यी कोल्ड स्टोरले सुदूरपश्चिमका किसानको कृषि उपज भण्डारमा सहयोग पुग्छ ।"

दोधारा चाँदनीमा निर्माण सम्पन्न भएर सञ्चालनमा ढिलाइ भइरहेको कोल्ड स्टोर सञ्चालनमा ल्याउन पालिकाले प्रक्रिया अघि बढाएको छ ।

दोधारा चाँदनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र जोशीले विद्युत् आपूर्तिको समस्याका कारण सञ्चालनमा आउन ढिलाइ भए पनि पालिकाले कोल्ड स्टोर सञ्चालनमा ल्याउन आवश्यक काम गरिरहेको बताउनुभयो । "कम भोल्टेजका कारण सञ्चालनमा आउन नसकेको हो, त्यसका लागि नयाँ ट्रान्सफार्मर खरिद गर्नुपर्ने छ", उहाँले भन्नुभयो, "पालिकाले ट्रान्सफार्मर खरिद गरेर छिट्टै सञ्चालनमा ल्याउने तयारी गरेको छ ।"

कोल्ड स्टोर नहुँदा यहाँका किसानलाई कृषि उपज भण्डारण गर्न समस्या हुने गरेको थियो । कोल्ड स्टोर सञ्चालनमा आए यहाँका किसानलाई ठूलो सहयोग पुग्ने कृषि ज्ञान केन्द्र कञ्चनपुरका प्रमुख हरिप्रसाद पनेरुले बताउनुभयो ।

जिल्लामा भण्डार सुविधा नहुँदा किसानले आलुको बीउ राख्नसमेत समस्या हुने गरेको उहाँले बताउनुभयो । सुदूरपश्चिम सरकारबाहेक यहाँको बेदकोट नगरपालिकामा सङ्घीय सरकारको सहयोगमा १५ हजार क्विन्टल क्षमताको कोल्ड स्टोर निर्माणाधीन छ । रासस

# उत्पादन दिने याममा एभोकाडोको बोट मर्न थालेपछि किसान चिन्तित



इलाम । इलामको माङसेबुङ गाउँपालिका-२ का किसान करनवीर लिम्बूले पाँच वर्षअघि व्यावसायिक एभोकाडो खेती सुरु गर्नुभयो । 'योङहाङ कृषि तथा पशुपालन फार्म' दर्ता गरी एभोकाडो खेती सुरु गर्नुभएका लिम्बूले अन्नबाली उत्पादन हुने २० रोपनी क्षेत्रफलमा २०० वटा एभोकाडो रोप्नुभयो ।

सुरुमा बिरुवा किन्न, खाडल निर्माण, मल तथा सिँचाइ व्यवस्थापनमा राम्रै खर्च गर्नुभयो । एभोकाडोको बिरुवा पनि राम्ररी नै हुर्कियो । गत वर्षदेखि फुल्न थालेका एभोकाडोका बोटमा यस वर्ष फल पनि राम्रोसँग लाग्न थालेको थियो तर फल लागिरहेका एभोकाडोका बोटहरु एकाएक सुक्न र मर्न थालेपछि लिम्बू चिन्तित बन्नुभएको छ । मुख्य उत्पादन दिने 'सिजन'मा नै बोटहरु मर्न थालेपछि उहाँ चिन्तित बन्नुभएको हो । एभोकाडोको बोटमा फल लाग्न थालेसँगै पात पहेँलिने, हाँगा सुक्ने र पूरै बोट मर्ने समस्या देखिएको लिम्बूले बताउनुभयो । राम्रो आम्दानीको अपेक्षा गरेका उहाँको एभोकाडो बगानमा एकाएक रोग देखापरेको हो । उहाँले बारीमा लगाउनुभएको अधिकांश बोट मर्न थालेका छन् । सुरुका वर्षहरुमा बोट राम्रोसँग हुर्किए पनि उत्पादन दिने बेलामा बोट मर्न थालेपछि आफू चिन्तित भएको उहाँले बताउनुभयो । उहाँले २०७८ सालमा धनकुटाको पाख्बासबाट प्रतिगोटा रु २०० का दरले एभोकाडोको बिरुवा खरिद गरेर रोप्नुभएको थियो । "विसं २०७८ धनकुटाको पाखिबासबाट प्रतिगोटा रु २०० का दरले २०० वटा एभोकाडोको बिरुवा ल्याएर खेतीयोग्य बारीमा रोपेको थिएँ," उहाँले भन्नुभयो, "यो वर्षदेखि मज्जाले फल समेत लाग्न थालेको थियो तर एकाएक बोटहरु मर्न थालेपछि चिन्तित बनाएको छ ।" लटरम्म फल लागेको एभोकाडोका दाना खस्नाका साथै बोटहरु नै मर्ने समस्या देखिएको उहाँको भनाइ छ । अन्नबाली उत्पादन हुने जमिनमा व्यावसायिक रुपमा एभोकाडो खेती सुरु गर्नुभएको लिम्बूलाई बोट मर्दा लाखौँको क्षति हुने चिन्ता छ ।

उहाँका अनुसार सुरुमा तल्लो भागमा पात पहेँलिने, हाँगा कमजोर हुँदै जाने र पूरै बोट सुक्ने समस्या देखिएको छ । "बिरुवा राम्रोसँग हुर्किएर यो वर्षदेखि फल पनि लाग्न थालेको थियो," उहाँले भन्नुभयो, "एकपछि अर्को बोटको पात पहेँलिँदै बोटहरुसमेत मर्न थालेका छन् । सुरुमा गरेको लगानी रकम कसरी उठाउने भन्ने चिन्ताले पिरोल्न थालेको छ ।"

एभोकाडो खेतीका लागि बिरुवा खरिददेखि जग्गा तयारी र मल व्यवस्थापनसम्म ठूलो लगानी भएको उहाँले बताउनुभयो ।रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गौर, रौतहटका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको १५ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०५/३० गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/१२/२६ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय गौर, रौतहट**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०६/१४ बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय गौर, रौतहट**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| **क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :** | |
|---|---|
| **ऋणी : विजय कुमार मिश्र** (ना.प्र.नं. ११४६, जारी मिति २०५१/०८/१६ जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ (साविक कटहरिया गा.वि.स. वडा नं. ८) । बाबु : जीबछ मिश्र । बाजे : सत्यदेव मिश्र । | **जमानतकर्ता : सरोज देवी** (ना.प्र.नं.ना. २५४६, जारी मिति २०५६/११/२३, जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा.वडा नं. ५ (साविक कटहरिया गा.वि.स. वडा नं.८) । बाबु : कौशल किशोर पाठक । पति : विजय कुमार मिश्र । ससुरा : जीबछ मिश्र । |
| **जमानतकर्ता : प्रशान्त कुमार मिश्र** (ना.प्र.नं. ३२१०७०/३६३६, जारी मिति २०६८/०९/१७ जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा.वडा नं. ५ (साविक कटहरिया गा.वि.स. वडा नं.८) । बाबु : विजय कुमार मिश्र । बाजे : जीबछ मिश्र । | **जमानतकर्ता : रानी कुमारी मिश्र** (ना.प्र.नं. ३२-०१-७६-०१७४४, जारी मिति २०७६/०२/२०, जि.प्र.का. रौतहट) । ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५ । बाबु : विजय कुमार मिश्र । बाजे : जीबछ मिश्र । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **सरोज देवी**को नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला बसबिटी जिंगडीया गा.बि.स. वडा नं. ८, नक्सा सिट नं. ८, स्थित कित्ता नं. ३६३ को क्षेत्रफल ०-१-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थीत कर्जा असुली विभाग र अन्य शाखा कार्यालयहरु** बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थितकर्जा असुली बिभागमा र शाखा कार्यालय गौर**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# मधेशमा रास्वपाको पार्टी लेखाजोखा अभियान जारी




**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना पार्टीका आन्तरिक लेखाजोखा अभियान जारी राखेका छन् । यसैक्रममा मधेस प्रदेशमा संगठन अडिट (लेखाजोखाा) को काम जारी रहेको छ ।

केन्द्रीय समितिको निर्देशन बमोजिम गठित ' मधेस प्रदेश संगठन अडिट समिति' ले स्थलगत रूपमै पुगेर काम सुरु गरेको हो । भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा अडिट समिति गठन गरेको थियो ।

मधेस प्रदेशको महाधिवेशन हुन नसक्नुका कारण पत्ता लगाउन समिति बिहीबार मधेस प्रदेशको सिमरा पुगेको थियो । मधेसमा अधिवेशन सफल भएको पर्सा जिल्लाबाट समितिले शुक्रबारदेखि अडिट कार्यको थालनी गरेको एक सदस्यले जानकारी दिए ।

शुक्रबार पर्सा र बाराको अडिट सम्पन्न गरेको टोलीले शनिबार रौतहट र सर्लाही हुँदै आइतबारसम्ममा धनुषा (जनकपुर) र महोत्तरी जिल्लाको संगठन अडिट कार्य पूरा गरिसकेको छ । अडिट समितिमा सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य रहेका छन् ।

यसै आइवार महोत्तरीका विभिन्न स्थानमा अडिट गरेका छन् भने सोमवार सिरहा पुगेका छन् । महोत्तरी र सिरहामा पार्टीका सह महामन्त्री हरि ढकाल नेतृत्वको टोली पुगेका छन् ।

रास्वपाले यसअघि मधेस प्रदेशका जिल्लाहरूमा निर्धारित समयभित्र अधिवेशन सम्पन्न गर्न सकेको थिएन। आन्तरिक विवादका कारण पर्साबाहेक अन्य ७ जिल्लामा अधिवेशन प्रक्रिया रोकिएपछिगत असारमा चितवनमा सम्पन्न राष्ट्रिय भेलामा पुराना महाधिवेशन प्रतिनिधिहरूलाई नै सहभागी गराइएको थियो ।

पर्सा जिल्लामा समेत विवाद भएपछि तोकिएको मितिभन्दा एक दिन ढिला गरी निर्वाचनमार्फत नेतृत्व चयन गरिएको थियो। तत्कालीन केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठको उपस्थितिमा भएको निर्वाचनमा पर्सा क्षेत्र नं. २ का सांसद सुशीलकुमार कानु र क्षेत्र नं. १ का सांसद हरि पन्तबिच प्रतिस्पर्धा भएको थियो । जसमा संस्थापक सभापति समेत रहेका पन्त ४८ मतान्तरले विजयी भएका थिए ।

मधेसका आठवटै जिल्लाको स्थलगत संगठन अडिट सम्पन्न गरी समितिले केन्द्रीय कार्यालयमा प्रतिवेदन बुझाउनेछ । समितिले प्रतिवेदन पेस गरेपछि लामो समयदेखि रोकिएको मधेस प्रदेशका जिल्ला अधिवेशनहरू पुनः सञ्चालन हुने नेताहरूले बताएका छन् ।

यसैबिच, केही दिनअघि तय भएको पार्टी सभापति रवि लामिछानेको मधेस प्रदेश भ्रमण भने भोटेकोशीमा आएको बाढी विपद्का कारण अन्तिम समयमा स्थगित भएको थियो । मधेस प्रदेश र पर्सा बाहेकका अधिवेशन स्थगित भएपछि विवाद मिलाउने जिम्मा सभापति लामिछानेलाई दिएको थियो ।

# देवानगञ्ज घटनामा कारवाही सिफारिस भएकाहरुलाई भएन कारवाही

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएको साम्प्रदायिक घटनामा दुई सिडिओसहित ८ कर्मचारीलाई कारवाहीका लागि छानबीन समितिले सिफारिस गरेको थियो । तर गृहमन्त्रीलाई प्रतिवेदन बुझाएको एक महिना बित्न लाग्दा पनि अहिलेसम्म कारवाही भएको छैन ।

घटनाबारे छानबिन गर्न गठित दुईवटा समितिले बुझाएको प्रतिवेदनमा यिनीहरुलाई कारवाहीको सिफारिस गरिएको थियो । ती दुईवटै समितिले करीब एक महिनाको छानबिनपछि सकेर प्रतिवेदन बुझाएको करिब १ महिना भइसकेको छ ।

दुई वटै समितिले भदौ २ मा गृहमन्त्री सुधन गुरुङलाई प्रतिवेदन बुझाएका थिए । प्रतिवेदन अहिलेसम्म कार्यान्वयनमा गएको छैन । प्रतिवेदन सार्वजनिक पनि गरिएको छैन । गृह मन्त्रालयका अधिकारीहरू प्रतिवेदन अध्ययनको चरणमा रहेको बताउँछन् ।

कप्तानगञ्ज घटनाबारे सहसचिव भूपेन्द्र थापा र गोलबजारमा भएको घटनाबारे गृह मन्त्रालयकै अर्का सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो । दुवै समितिले सुरक्षाकर्मीकै गोलीबाट मानवीय क्षति भएको निष्कर्ष निकालेका छन् । समितिले दुई जना प्रमुख जिल्ला अधिकारी सहितका सुरक्षा कमान्डरहरूलाई कारबाही गर्न सिफारिस गरेको छ ।

सुनसरीका तत्कालीन प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे र सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई कारबाही गर्न समितिले सिफारिस गरेको छ । सुरेन्द्र पौडेललाई घटनापछि त्यहाँबाट सरुवा गरिएको थियो । कप्तानगञ्ज घटनामा सुरक्षा व्यवस्थापनमा चुकेको भन्दै समितिले इलाका प्रहरी कार्यालय देवानगञ्जका तत्कालीन इन्स्पेक्टर राकेश राई, जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी चन्द्र खड्का र सशस्त्र प्रहरीका डीएसपी नन्दकिशोर महतलाई कारबाही गर्न सिफारिस गरिएको छ ।


File Photo

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, एसपी बासु पाठक, डीएसपी रमेश पाल र इलाका प्रहरी कार्यालय गोलबजारका तत्कालीन इन्स्पेक्टर सुदन केसीलाई कारबाही गर्न सिफारिस गरिएको छ । इन्स्पेक्टर केसीलाई अहिले त्यहाँबाट सरुवा गरिएको छ। समितिले कारबाहीको प्रकृति तोकेको छैन। गृह मन्त्रालयका एक जना उच्च अधिकारीका अनुसार 'विभागीय कारबाही' गर्न समितिले भनेको छ । सिरहामा प्रहरीले ७ राउण्ड हवाई फायर र दुई राउण्ड गोली प्रदर्शनकारी तर्फ फायर गरेको छानबिन समितिले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । कप्तानगञ्जमा नेपाल प्रहरी र सशस्त्रले चलाएको गोली लागेर ३ जनाको मृत्यु भएको छानबिनबाट देखिएको छ ।

कप्तानगञ्जमा कुल २० राउण्ड गोली चलेको भेटिएको छ ।

कप्तानगञ्जमा भएको झडप नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय देवानगञ्जका इन्स्पेक्टर राकेश राई र प्रहरी चौकी कप्तानगञ्जका असई प्रकाश कुमार श्रेष्ठ खटिएका थिए । दुवै समुदायका मानिसहरूले उनीहरूलाई चिर्पट, ढुङ्गा, बाँस र लाठी मार्फत आक्रमण सुरु गरेपछि घटनास्थलमा सशस्त्र प्रहरी परिचालन गरिएको थियो । घटनास्थलमा इन्स्पेक्टर राईले गोली चलाएको छानबिनबाट देखिएको छ । पछि सशस्त्रका सुरक्षाकर्मीले पनि गोली चलाएको र मानवीय क्षति भएको छानबिन समितिको निष्कर्ष छ ।

सिरहाको गोलबजारमा सशस्त्र प्रहरीले गोली चलाएको भेटिएको छैन । गोलबजारमा प्रहरीले चलाएको गोली लागेर गणेश यादवको मृत्यु भएको छानबिन समितिको निष्कर्ष छ । गृह मन्त्रालयका एक जना उच्च अधिकृतका अनुसार गोलबजारमा ७ राउण्ड 'डमी राउण्ड' र पेस्तोलबाट २ राउण्ड गोली चलेको भेटिएको थियो ।

गोलबजारमा प्रहरीका इन्स्पेक्टर सुदन केसी भिड नियन्त्रणमा खटिएका थिए । उनले बोकेको पेस्तोलबाट गोली चलेको छानबिन निष्कर्ष छ। प्रदर्शनकारीको मृत्यु भएपछि प्रहरी प्रधान कार्यालयले साउन १५ मा केसीलाई त्यहाँबाट हटाएको थियो ।

दुवै जिल्लामा झडप हुँदा भिडबाट पनि गोली चलाइएको अफवाह फैलिएको थियो । तर, छानबिन समितिले सुरक्षाकर्मी भन्दा बाहेक अन्यत्रबाट गोली चलेको नदेखिएको रिपोर्टमा उल्लेख गरेको छ ।

साउन १४ मा सिरहाको गोलबजारमा प्रदर्शन हुँदा प्रहरीसँगको झडपमा परेर १८ वर्षीय गणेश यादवले ज्यान गुमाए । दुवै घटनाका मृतकहरूलाई सरकारले सहिद घोषणा गरेको छ ।

कप्तानगञ्जको झडपमा मृत्यु हुनेमा ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता र २२ वर्षीय रविन्द्र मेहता छन् । चारै जनाको मृत्यु 'सुरक्षाकर्मीको गोली लागेर' भएको छानबिन समितिको निष्कर्ष छ ।

# मुख्यमन्त्री यादव मनिला प्रस्थान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव फिलिपिन्सको राजधानी मनिलातर्फ प्रस्थान गरेका छन् । जलवायु परिवर्तनबाट प्रदेशमा उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलनका विषयमा आयोजना हुने अन्तर र्ाष्ट्रिय सम्मेलनमा सहभागी हुन मनिला गएको बताइएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादव र कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव थाइ एयरबाट मनिलातर्फ प्रस्थान गरेका हुन् ।

मनिलामा भदौ ३० र ३१ गते अर्थात् सेप्टेम्बर १५ र १६ मा आयोजना हुने Asia Climate Adaptation Investment Planning Forum (CAIP2026) मा उनीहरू सहभागी हुनेछन् । भ्रमणबाट नेपाल सरकार तथा प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने जनाइएको छ ।




सम्मेलनमा मधेश प्रदेशले जलवायु परिवर्तनका कारण भोग्दै आएको बाढी, डुबान, सुख्खा लगायतका जलवायुजन्य जोखिम, त्यसको न्यूनीकरण तथा अनुकूलनका उपायबारे अनुभव आदान प्रदान गरिने बताइएको छ ।

त्यस्तै, जलवायु अनुकूलनका क्षेत्रमा अन्तर्राष्ट्रिय लगानी र सहकार्यको सम्भावना पहिल्याउँदै मधेश प्रदेशका प्राथमिकता अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने अवसरका रूपमा भ्रमणलाई हेरिएको छ । जलवायु परिवर्तनका कारण बढ्दो जोखिमसँग जुध्न आवश्यक प्रविधि, स्रोत र लगानी भित्र्याउन अन्तर्राष्ट्रिय सहकार्य महत्वपूर्ण हुने प्रदेश सरकारको विश्वास छ । भ्रमणले मधेश प्रदेशलाई जलवायुजन्य विपद्बाट सुरक्षित, दिगो र समृद्ध बनाउने प्रयासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

मुख्यमन्त्री मनिला प्रस्थान गरेपछि कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी भौतिक पूर्वाधार विकासमन्त्री महम्मद समीरले पाएका छन् । मुख्यमन्ती कार्यक्रममा सहभागी हुन त्यसतर्फ गएकाले आजैदेखि लागू हुने गरी कार्यवाहकको जिम्मेवारी मन्त्री समीरलाई तोकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

# सराबेमा दुई घरबाट लाखौंको चोरी

**टुडे समाचारदाता**

जनकपुरधाम । गएराति धनुषाको कमला नगरपालिका वडा नं. २ सराबेस्थित दुई घरबाट लाखौंको सामान चोरी भएको छ । कमला नपा २ सराबेस्थित रामबहादुर मण्डल र बीरेन्द्र कापरको घरमा गएराती करिब १:३० बजेको समयमा चोरी भएको बताइएको छ। साढे ६ तोला सुन, ४० भरि चाँदी र रु ४ हजार नगद चोरी भएको पीडित परिवारले जनाएको छ। एकै ठाउँमा रहेको दुई घरमा चोरी भएको स्थानीयहरुले जनाएको छ । पीडित बीरेन्द्र कापरका अनुसार छतबाट चोर चढेर घर ढोकामा लागेको बिलैया (चुकुल) खोलेर चोरी गरेको जनाईएको छ। घरको छतबाट भित्र पसेका जनाउँदै एक जना लामो र एक जना होचो केटो रहेको तथा रँगमा कालो रहेको जनाएको छ ।




# गणेश मन्दिर उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । गणेश चतुर्थीको अवसरमा औरही गाउँपालिका-१ परनदेहियामा नवनिर्मित भगवान् श्री गणेश मन्दिरको मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले उद्घाटन गरेका छन् ।

मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको सहयोगमा निर्माण गरिएको मन्दिरको उद्घाटन गर्दै सभामुख यादवले धर्म, संस्कृति र परम्पराको संरक्षणले सामाजिक सद्भाव, शान्ति र एकता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए ।

उनले धार्मिक तथा सांस्कृतिक महत्व बोकेका मठमन्दिर र पर्यटकीय स्थलको संरक्षण, संवर्द्धन तथा विकासमा सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गरे । यस्ता धार्मिक स्थललाई व्यवस्थित गर्दै पर्यटनसँग जोड्न सके स्थानीयस्तरमा आर्थिक गतिविधिसमेत बढाउनुपर्नेमा जोड दिए ।

मन्दिर उद्घाटन कार्यक्रममा औरही गाउँपालिका-१ का वडा सदस्य रामअशिष यादव, जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य प्रमोद यादव, युवा नेता रामबिहारी यादवसहित स्थानीयवासीको सहभागिता रहेको थियो ।

गणेश चतुर्थीको अवसर पारेर मन्दिर उद्घाटन गरिएपछि स्थानीयवासीले धार्मिक आस्था र सांस्कृतिक गतिविधिका लागि थप सहज हुने विश्वास व्यक्त गरेका छन् ।

# जनकपुरधाम उपमहानगरपालिका विरुद्ध उजुरी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाविरुद्धअख्तियार दुरुपयोग तथा अनुसन्धान आयोगमा उजुरी दर्ता गरिएको हो ।

जनकपुरधामस्थित श्रीराम मन्दिर मरम्मत सम्भार तथा सौन्दर्यकरणका लागि उपमहानगरपालिकाले बजेट छुट्याएपनि रकम भुक्तानी नगरेको कुरा बाहिरिएपछि नागरिक समाजका अगुवा मुरली मनोहर मिश्रले सोमवार अख्तियारमा उजुरी दर्ता गराएको हो ।

श्रीराम मन्दिर सौन्दर्यीकरण योजनाको सम्झौता, कार्यादेश, निर्माण सम्पन्नता, प्राविधिक परीक्षण तथा करिब रु. २७ लाख ६४ हजार ८१५.०५ भुक्तानीसम्बन्धी प्रक्रिया छानबिन गरी दोषी देखिए कानुनबमोजिम कारबाही तथा वैधानिक दायित्व भए भुक्तानीको व्यवस्था गराई दिन उजुरीमा भनिएको छ ।




धार्मिक सम्पदाको सौन्दर्यीकरणका नाममा सञ्चालन गरिएको निर्माण कार्यपछि निर्माण व्यवसायीको रकम भुक्तानी हुन नसकेको र मन्दिरका महन्थ स्वयं व्यापारी तथा साहु-महाजनकहाँ गई चन्दा अथवा सापट माग्नुपर्ने परिस्थिति उत्पन्न भएको भन्ने विषय सार्वजनिक रूपमा उठेकोमा सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउन उजुरी दर्ता गराइएको बताइएको छ ।

उपलब्ध सम्झौता-पत्रमा "शाक्य मेटल ट्रेडर्स" प्रथम पक्षका रूपमा तथा मन्दिर/सम्बन्धित उपभोक्ता समितिसँग निर्माण कार्यसम्बन्धी सम्झौता भएको देखिन्छ । सम्झौतामा निर्माण कार्य गराउने, निर्माणको मूल्य तथा भुक्तानीसम्बन्धी प्रावधानहरू उल्लेख गरिएको छ ।

उपमहानगरपालिकाले भुक्तानी नदिएपछि निर्माण कम्पनीले मन्दिरका महन्थ रामगिरीलाई दबाव दिनपछि उनी अहिले व्यापारीको पसल-पसलमा चन्दा वा सापट मागिरहेको कुरा बाहिरिएपछि सामाजिक सञ्जालमा चर्को आलोचना भइरहेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८